का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १९, अंक २०८
❑ २७ भदौ २०७८, आइतबार
❑ 12 September 2021, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।

# प्रधानमन्त्रीको संकट



पाँच दलीय गठबन्धनमा प्रधानमन्त्री बनेका शेरबहादुर देउवा एकपछि अर्को जटिल प्रश्नहरुले घेरिएका छन् । पार्टी सत्ता कायमै राख्दै सरकारको प्रभावकारिता कायम गर्नु प्रधानमन्त्री देउवालाई फलामको चिउरा सरह बन्दै गएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २६ भदौ ।

अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) का उपाध्यक्ष फातिमा सुमारले नेपालका प्रमुख नेतृत्वसँग भेटवार्ता गरेकी छन् । चार दिने नेपाल भ्रमणमा आएकी सुमारले प्रधानमन्त्री शेरबहादुर देउवा, अर्थमन्त्री जनार्दन शर्मा, उर्जामन्त्री पम्फा भुसाल, प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग समेत भेटेकी छन् ।

उनले सत्ता साझेदार दलहरु नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालसँग समेत भेटेकी छन् । भेटका क्रममा उनले एमसीसी नेपालकै चाहना र सर्तअनुसार कार्यान्वयनमा जाने बताएकी छन् । यदि नेपालले एमसीसी स्वीकार नगरे, अर्को देशमा पठाइने पनि उनको भनाइ छ ।

तर भेटवार्ताका क्रममा उपाध्यक्ष सुमारले प्रष्ट जवाफ पाएकी छैनन् । माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष नेपालले नेपालको हितमा नभए एमसीसी स्वीकार गर्न नसकिने प्रष्ट बताएका छन् । प्रचण्ड र माधव नेपालले सार्वजनिक अभिव्यक्ति मार्फत् पनि एमसीसी बिना संशोधन स्वीकार नगर्ने बताएका छन् । नेपालगञ्ज पुगेर शनिबार मात्रै पनि अध्यक्ष नेपालले जनताको हितमा नहुने एमसीसी स्वीकार नगर्ने बताए ।

प्रचण्ड र माओवादी नेताहरुले बिना संशोधन एमसीसी स्वीकार्न नसकिने अभिव्यक्ति दिदै आएका छन् । तर एमसीसीले भने संशोधन गरेर सम्झौता कार्यान्वयनमा नजाने अडान लिएको छ । बरु फिर्ता लैजान तयार रहेको पनि एमसीसीले प्रतिक्रिया दिएको छ । प्रतिपक्षी एमालेका अध्यक्ष ओलीले पनि एमसीसीबारे प्रष्ट जवाफ दिएनन् । प्रधानमन्त्री हुँदा जसरी पनि एमसीसी अनुमोदन गराउनुपर्ने अडान लिदै आएका ओलीले विपक्षी दल बनेपछि भने सत्तारुढ गठबन्धनको निर्णय कुर्ने जवाफ दिएको छ ।

सत्ता साझेदार दलहरु एमसीसीको विपक्षमा उभिने अडान लिएपछि प्रधानमन्त्री देउवा भने संकटमा देखिएका छन् । काँग्रेस र प्रधानमन्त्री देउवा यसअघि एमसीसी अनुमोदनकै पक्षमा थिए । तर गठबन्धन सरकार बनाएपछि देउवालाई एमसीसी स्वीकार गर्न अप्ठ्यारो परेको छ ।

एमसीसीमा मात्रै नभएर सरकार सञ्चालनमा पनि देउवा अप्ठ्यारो अवस्थाबाट गुज्रिरहेका छन् । प्रधानमन्त्री नियुक्त भएको दुई महिना पुग्नलाग्दा पनि प्रधानमन्त्री देउवाले पाँच जना मन्त्रीका भरमा सरकार चलाइरहेका छन् । एमाले र जनता समाजवादी पार्टी (जसपा) विभाजन गर्न प्रतिनिधिसभा अधिवेशन अन्त्य गरेरै उनले दल विभाजन सम्बन्धी अध्यादेश ल्याएका थिए । फेरि अधिवेशन बोलाएर संशोधित बजेट ल्याएका छन् । ओली नेतृत्वको सरकारले अध्यादेशबाट बजेट ल्याएको बाँकी पृष्ठ २ मा

कोरोना विरूद्धको खोपको पर्खाइँमा रहेका नागरिकलाई खोप केन्द्रसम्म पुऱ्याउन सहयोग गरौं । खोप केन्द्रमा भीडभाड नगरौं ।

खोप लगाऔं,
कोरोनाबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




## फेरि सऱ्यो विधान महाधिवेशन

प्रमुख विपक्षी दल नेकपा एमालेले विधान महाधिवेशनको मिति तेस्रो पटक सारेको छ । शनिबार बसेको स्थायी कमिटी बैठकले विधान महाधिवेशन अब १५-१७ असोजमा हुने भएको छ ।



**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २६ भदौ ।

प्रमुख विपक्षी दल नेकपा एमालेले विधान महाधिवेशनको मिति तेस्रो पटक सारेको छ । शनिबार बसेको स्थायी कमिटी बैठकले विधान महाधिवेशन असोज दोस्रो साता गर्ने निर्णय गरेको प्रचार विभाग प्रमुख योगेश भट्टराईले बताए ।

"विधान महाधिवेशनका लागि आवश्यक तयारी नपुगेकाले असोज दोस्रो साता गर्ने निर्णय भएको छ", भट्टराईले बाँकी पृष्ठ २ मा

## दिनहुँ उम्मेद्वारी घोषणा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ भदौ ।

संवैधानिक सीमाभित्र महाधिवेशन गराउन नसकेको नेपाली काँग्रेसले शुक्रबार मात्रै १४औं महाधिवेशनको कार्यतालिका संशोधन गरेको छ । क्रियाशील सदस्यता टुंग्याउन नसक्दा वडा अधिवेशनको तालिका प्रभावित भएपछि महाधिवेशन कार्यतालिका नै संशोधन गर्नुपरेको हो ।

शनिबारसम्म ५७ जिल्लाको वडा अधिवेशन सकिएको छ । तर बाँकी २० जिल्लाको सदस्यता विवादका कारण गाउँपालिका/नगरपालिकाको अधिवेशन निर्धारित, २७ भदौमा हुन सकेन । यसपछि काँग्रेसले महाधिवेशन कार्यतालिका संशोधन गरेको छ । काँग्रेसले आगामी ९-१४ मंसिरमा महाधिवेशनको मिति तोकेको छ ।

महाधिवेशन कार्यतालिका लगातार प्रभावित भइरहँदा उम्मेद्वारी दिने क्रम भने बाँक्लिएको छ । महामन्त्री पदका लागि तीन युवा नेताले उम्मेद्वारी घोषणा गरिसकेका छन् । गगन थापा, विश्वप्रकाश शर्मा र प्रदीप पौडेलले उम्मेद्वारी दिने घोषणा गरेका छन् । लगातार थापा, शर्मा र पौडेलले अलग-अलग कार्यक्रम गरी उम्मेद्वारी घोषणा गरे ।

महामन्त्री मात्रै नभएर अन्य पदमा पनि औपचारिक/अनौपचारिक रुपमा उम्मेद्वारी घोषणाको क्रम बढेको छ । सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा, उपसभापति विमलेन्द्र निधिले सभापति पदमा उम्मेद्वारी दिने प्रष्ट पारिसकेका छन् । संस्थापन इतर समूहका नेताहरुले पनि उम्मेद्वारीबारे थुप्रै पटक छलफल गरिसकेका छन् । बरिष्ठ नेता रामचन्द्र पौडेलले १७ भदौमा मात्रै सामूहिक रुपमा उम्मेद्वारी घोषणा गर्ने बताएका थिए ।

उम्मेद्वारी दावी घोषणाका क्रममा महामन्त्री शशांक कोइरालाले पनि सभापति पदको उम्मेद्वारीबाट पछि नहट्ने दावी गरेका छन् । नवलपुर पुगेर महामन्त्री कोइरालाले कुनै पनि हालतमा आफ्नो उम्मेदवारी सभापति पदमा कायम रहने घोषणा गरे ।

आगामी मंसिरमा हुने १४औं महाधिवेशनको कार्यतालिका लगातार संशोधित भइरहेपनि सत्तारुढ दल नेपाली काँग्रेसमा उम्मेद्वारी घोषणा क्रम बाक्लिएको छ ।

"गिरिजा बाबुले जसरी बिराटनगर गएर आफ्नो उम्मेदवारी घोषणा गर्नुभएको थियो, मैले पनि मेरो गृह जिल्ला नवलपुर आएर आज सभापति पदको लागि उम्मेदवारी घोषणा गर्दछु", महामन्त्री कोइरालले भने, "सकेसम्म सहमतिमा नेतृत्व चयन गर्नुपर्छ भन्ने मेरो धारणा हो । तर, सहमति हुन नसके निर्वाचनबाटै भए पनि नेतृत्व चयन गरेर अगाडि बढ्नु लोकतान्त्रिक पद्धति हो ।" पार्टीलाई एकढिक्का बनाएर लैजानुको विकल्प नभएकोमा समेत जोड दिए ।

# निर्धारित तालिकामा इजरायलको भाषा परीक्षा सञ्चालन गर्ने विभागको तयारी

**मध्यान्ह सवाददाता**
काठमाडौं, २६ भदौ

वैदेशिक रोजगार विभागले इजरायलको भाषा परीक्षा पूर्व निर्धारित मिति र समयमा हुने बताएको छ । परीक्षा भदौ २८ गते हुँदैछ । परीक्षा दिनको ठिक १ बजे सञ्चालन हुने विभागले जनाएको छ ।

इजरायलमा स्वास्थ्य सहायक पठाउने नेपाल सरकारको निर्णय र वैदेशिक रोजगार विभागको परीक्षा सञ्चालन गर्ने तयारी बारेमा सर्वोच्च अदालतमा रिट परी शुक्रबार न्यायाधीश डा. आनन्द मोहन भट्टराईको एकल इजलासमा छलफल भएको थियो । निवेदकका कानून व्यवसायी अधिवक्ता सुरेश कुमार कार्कीले सर्वोच्चको आदेशले विभागले सञ्चालन गर्ने परीक्षा रोकिने दाबी गरेका थिए । तर विभाग स्रोतले सर्वोच्च अदालतले सुरक्षित वातावरणमा परीक्षा सञ्चालन गर्ने आदेश दिएको जानकारी आएको भन्दै पूर्ववत् रूपमा परीक्षाको कार्यक्रम अघि बढेको र आवेदकहरूले परीक्षाका बारेमा भ्रम वा द्वविधामा पर्न नहुने बतायो ।

सर्वोच्चको आदेशमा भनिएको छ, 'अन्तरिम आदेश माग गरिएको सन्दर्भमा हेर्दा निवेदनमा उठाइएका अन्य विषयको हकमा अन्तिम निर्णय हुँदा विचार गरिने हुँदा बोली रहनु परेन । कामदार छनोटका लागि सञ्चालन हुन गइरहेको परीक्षाको हकमा कोभिड-१९ महामारीलाई दृष्टिगत गरी सुरक्षित तवरबाट हुने कुराको सुनिश्चित गरी परीक्षा सञ्चालन गर्ने प्रबन्ध मिलाउन सर्वोच्च अदालत नियमावली अनुसार अन्तरिम आदेश जारी गरिएको छ ।'

सर्लाही नगरपालिका मलंगवा वडा नं. ५ हाल परिवर्तित मलंगवा नगरपालिका वडा नं. ३ बस्ने नुरी मिकरानीले उत्प्रेषण लगायत जो चाहिने आदेश जारी गरी पाउँ भनी बुधबार रिट दायर गरेका थिए । रिटमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वैदेशिक रोजगार विभागलाई विपक्षी बनाइएको छ ।

रिटमा मुख्यत श्रम मन्त्रालयले २०७२ जेठ २६ मा भएको 'फ्रि भिसा, फ्रि टिकट' विपरीत इजरायलमा कामदार छनोटको प्रक्रिया शुरू गरिएको, खुला बजार अर्थतन्त्र अंगालेको सरकारले कामदार पठाउने 'एजेन्ट'को काम बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## कतारमा अलपत्र चारको उद्धार

**काठमाडौं/रासस–** हवाई टिकट काट्ने पैसासमेत नभएर नेपाल आउन नपाई कतारमा अलपत्र परेका चार श्रमिकलाई त्यहाँस्थित नेपाली दूतावास र गैरआवसीय नेपाली संघ (एनआरएनए) कतारको पहलमा उद्धार गरिएको छ ।

कतारको रोजगारी गुमेपछि स्वदेश फिर्तीको प्रतिक्षामा रहेका बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका-३ का विकास शाही, काठमाडौँकी अस्मिता लामा, भोजपुरका मोहन पौडेल र महोत्तरीका उदयकुमार यादवलाई संघले हवाई टिकटको प्रबन्ध गरी नेपाल पठाएको हो ।

संघका प्रवक्ता सन्तोष क्षेत्रीका अनुसार शाही र यादव नेपाल एयरलाइन्सको विमानमार्फत शुक्रबार बिहान ९ बजे काठमाडौँ आइपुगेका हुन् । लामा र पौडेल भने भदौ १ गते नेपाल फर्किएका थिए । 'कानुनी प्रबन्ध दूतावासले मिलाउने गर्छ, संघले हवाई टिकट व्यवस्थापन गरेर उहाँलाई घर पठाएको हो,' प्रवक्ता क्षेत्रीले टेलिफोनमा भने ।

छ महिनाअघि कतार गएका शाहीले आफू स्वास्थ्यका कारण काम छाडेर नेपाल फर्कनुपरेको बताए । 'सुरुका दुई महिना काम गरें, बाँकी पृष्ठ २ मा

WANTED

यस प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।




1) Documentation Officer (Smart & Talented)- 2 (M)
*Minimum 1 year work experienced in manpower field. Basic Computer Skills. (attractive salary and benefits)

2) PRO- 4 (M/F)
*With minimum 2 years experienced (attractive salary and benefits)

* तलब आपसी सहमतिमा

SUGAM OVERSEAS PVT.LTD
Samakhusi, Kathamndu | Tel: 01-4986106, 4987183
Mobile: 9851009946, 9813492755
Email: sugamoverseas2@gmail.com

# कोरोना संक्रमण दर घट्दो

## ९९४ संक्रमित थपिए, १३६८ संक्रमणमुक्त

**काठमाडौं/मस–** नेपालमा पछिल्लो समय कोरोना भाइरस संक्रमितको संख्या घट्दै गएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार नेपालमा शनिबार ९९४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा ९ हजार ८४० जनामा परीक्षण गर्दा ९९४ जनामा संक्रमण देखिएको हो।

शनिबार थपिएकासँगै नेपालमा सक्रिय संक्रमित २७ हजार ३५५ जना रहेका छन्। पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला १३ रहेका छन्। नेपालमा संक्रमणको दर १९.३ प्रतिशत रहेको छ।

यस्तै शनिबार संक्रमणबाट एक हजार ३६८ जना संक्रमण मुक्त भएका छन्। हालसम्म कूल सात लाख ३८ हजार ३४ जना संक्रमित निको भएर घर फर्किएका छन्। संक्रमित निको हुन थालेपछि नेपालमा संक्रमणमुक्त हुने दर ९५.१ प्रतिशत रहेको छ।

यस्तै संक्रमणबाट विगत २४ घण्टामा १२ को ज्यान गएको छ। हालसम्म नेपालमा कूल १० हजार ९३६ जनाले संक्रमणबाट ज्यान गुमाएका छन्।



यस्तै देशभर ४५६ जना सघन उपचार कक्ष (आइसियु), १२२ भेन्टिलेटर, २५ हजार ७०८ होम आइसोलेसन, एक हजार ६४७ संस्थागत आइसोलेसन र ३१७ कोरोना संक्रमित क्वारेन्टिनमा रहेका छन्।

**इन्द्र जात्रा व्यवस्थापनमा खटिनेलाई खोप**

काठमाडौं महानगरपालिकाले इन्द्र जात्राको व्यवस्थापनमा खटिने तीन सय जनालाई कोभिडविरुद्धको खोप भेरोसेलको पहिलो मात्रा दिएको छ। काठमाडौंको मजिपाटस्थित लाखे ननीमा खोप कार्यक्रम चलाइएको हो।

महानगरका प्रमुख विद्यासुन्दर शाक्यले महामारीबाट आफू बचेर परम्परा बचाउने उदेश्यका साथ खोप अभियान चलाइएको बताए।

खोपसहित जात्रा सञ्चालनका लागि मास्क, पञ्जा, स्यानिटाइजरलगायत स्वास्थ्य सुरक्षा सामाग्री उपलब्ध गराइने उनले बताए।

महानगरको कार्य प्रसंसा योग्य रहेको बताउँदै इन्द्रजात्रा व्यवस्थापन समितिका अध्यक्ष गौत्तम शाक्यले खुशी व्यक्त गरे।

यस वर्ष इन्द्रजात्राका कार्यक्रम सुरु भइसकेका छन्। भदौ २३ गते बिहान १० बजेर ५२ मिनेटमा बनयात्रा सुरु गरिएको थियो। त्यसै दिन बेलुका ७ बजेर २७ मिनेटको साइतमा इन्द्रध्वजका रुपमा गाडिने लिङ्गोका लागि रुख काटिसकिएको छ।

भदौ २९ गते मंगलबार बिहान १० बजेर ३४ मिनेटको साइतमा लिङ्गोलाई नगर प्रवेश गराइनेछ। असोज २ गते शनिबार विहान ६ बजेर ५१ मिनेटको साइतमा इन्द्रध्वज उत्थान हुनेछ।

त्यसको भोलिपल्ट असोज ३ गते कुमारी रथयात्रा सुरु हुनेछ। त्यस दिन बसन्तपुरको तल्लो टोल र असोज ४ गते माथिल्लो टोलमा रथ यात्रा हुनेछ। ८ गते नानिचा यात्रा हुनेछ। त्यसैदिन राति १० बजेर ५६ मिनेटको साइतमा इन्द्रध्वज पतन हुनेछ। यसपछि जात्रा सकिनेछ।

सिन्धुपाल्चोक डायरी
देवराज सुवेदी/मध्यान्ह

# भारतीलाई 'सिन्धु-मित्र बालसाहित्य पुरस्कार' प्रदान

लामो समय बालसाहित्यमा योगदान पुऱ्याएका स्रष्टा डम्बर रसिक भारतीलाई 'सिन्धु-मित्र बालसाहित्य पुरस्कार २०७८' प्रदान गरिएको छ।

नगद ११ हजार १ सय ११ रुपैंया पुरस्कार राशीसहित दोसल्ला र पुरस्कारपत्रद्वारा सम्मान गरिएको हो। मित्र प्रतिष्ठानको समन्वयमा दुखी प्रकाशनले सो पुरस्कार प्रदान गरेको हो। बागमती प्रदेश सभाको सांसद युवराज दुलालले भारतीलाई पुरस्कार प्रदान गरेका थिए। कार्यक्रममा स्रष्टा रसिकको व्यक्तिचित्र कवि चन्द्रप्रसाद न्यौपानेले प्रस्तुत गरेका थिए। 'हामीले वर्षिनै बालसाहित्यमा योगदान पुऱ्याउने स्रष्टाहरुलाई सम्मान गर्ने निर्णय गरेका छौं', दुखी प्रकाशनका अध्यक्ष सुरेश कसजूले भने, 'यो जिल्लामा प्रदान गरिदै आएको पुरस्कार राशीमध्ये ठूलो राशीको पुरस्कार पनि हो।' कार्यक्रमकै



बीच दुखी प्रकाशनले ४ जना जेहेन्दार विद्यार्थीहरुलाई पोषाक र स्टेशनरी सामग्री प्रदान गरेको थियो। उनीहरुलाई कक्षा १२ सम्म शैक्षिक सामग्री सहयोग गरिने प्रकाशनले जनाएको छ।

**कविता प्रतियोगितामा रायमाझी प्रथम**

कञ्चन प्रियदर्शीको सम्झनामा निर्मित सालिक अनावरण, पार्क उद्घाटन एवम् पुरस्कार अर्पण कार्यक्रमको अवसरमा आयोजित खुला कविता प्रतियोगितामा नवराज रायमाझीले प्रथम स्थान हात पारेका छन्।

प्रतियोगितामा सुष्मा तिमल्सिना द्वितीय, कृष्णप्रसाद धिताल 'धिताल चिरिच्याट्ट' तृतीय, रमेश श्रेष्ठ र घनश्याम नेपालले सान्त्वना स्थान हासिल गरे। पुरस्कृत हुने कविहरुलाई नगद पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिएको थियो।

# कञ्चन प्रियदर्शीको सालिक अनावरण

स्वर्गीय पत्रकार एवम् साहित्यकार कञ्चन प्रियदर्शीको सम्झनामा निर्माण गरिएको सालिकको अनावरण गरिएको छ।

प्रियदर्शीको जन्मस्थल सिन्धुपाल्चोकको पिपलडाँडामा निर्माण गरिएको सालिक एवम् पार्कको शनिबार उद्घाटन गरिएको हो।

बागमती प्रदेश सभाको सांसद् युवराज दुलालले सालिक र पार्कको उद्घाटन गरेका हुन्। उद्घाटन पछिको कार्यक्रमलाई सम्बोधन गर्दै सांसद दुलालले परिवर्तनको सम्वाहक पत्रकार साहित्यकारलाई सम्मान गरिनु भनेको सिंगो बौद्धिक जगतलाई सम्मान गरिएको बताए।

'यो सम्मान उहाँले समाज पुऱ्याएको योगदानको कदर हो', दुलालले भने, 'राजनीतिक वर्गीय आन्दोलनमा लाग्नु भन्दा पहिले साहित्य र पत्रकारिताको माध्यमबाट समाज परिवर्तनको लागि व्यतित गरेको अमूल्य समयलाई पनि हामीले भुल्नु हुँदैन।'

प्रियदर्शी महान जनयुद्धको क्रममा शहादत प्राप्त गरेको स्मरण गर्दै दुलालले तत्कालिन राज्य व्यवस्थाको बिरुद्ध उनले गरेको योगदान कसैले भुल्न नहुने बताए। 'कञ्चन प्रियदर्शी एउटा वर्गीय चेत, राजनीतिक चेतका साथ राष्ट्रका लागि जीवन कुर्बानि गर्नुभएको थियो', दुलालले भने, 'यो इतिहासलाई हामीले सदैव स्मरण गर्नुपर्छ।' कञ्चन प्रियदर्शीको राजनीतिक, साहित्यिक र पत्राकारिताको इतिहासलाई जीवन्त तुल्याउन शालिक निर्माण गरेको प्रति दुलालले धन्यवाद व्यक्त गरे।

कार्यक्रममा नेकपा माओवादी केन्द्रका युवा नेता माधव सापकोटा, जनसांस्कृतिक महासंघ नेपालका अध्यक्ष सरल सहयात्री पौडेल, मित्र प्रतिष्ठानका अध्यक्ष कृष्ण सुवेदी'भारद्वाज मित्र', जनमत वाङ्मय प्रतिष्ठानका अध्यक्ष मोहन दुवाल, साहित्यकार मात्रिका पोखरेल, बाबा बस्नेत लगायतले शुभकामना सहित आफ्ना सिर्जना समेत प्रस्तुत गरेका थिए।

त्यस्तै शब्द शारथिका अध्यक्ष अमित घिमिरे, नेपाल पत्रकार महासंघका अध्यक्ष जीवन श्रेष्ठले कञ्चन प्रियदर्शीको साहित्य र पत्रकारिताको बारेमा चर्चा गरेका थिए। कार्यक्रममा कवि रमेश पौडेल, हेमन प्रधान, दील कार्कीलगायतले आफ्ना सिर्जना प्रस्तुत गरेका थिए।

कार्यक्रममा सालिक एवम् पार्क निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै सांसद युवराज दुलाल, चौतारा साँगाचोकगढी नगरपालिकाका प्रमुख अमानसिं तामाङ, जग्गादाता सुजन बुढाथोकी र मुर्ति निर्माण गर्ने कलाकार कृष्णहरी शंखदेवलाई कदरपत्रद्वारा सम्मान गरिएको थियो।

# भिम बहादुर गुरुङ (चित्र) सर्वसम्मत अध्यक्षमा निर्वाचित

राष्ट्रिय प्रजातन्त्र पार्टी पाँचपोखरी थाङपाल गाउँपालिकाको अधिवेशनबाट भिम बहादुर गुरुङ (चित्र)सर्वसम्मत अध्यक्ष पदमा निर्वाचित भएका छन्।

शनिबार गुरुङको नेतृत्वमा २७ सदस्यीय कार्यसमिति गठन गरिएको स्थानीय नेता देवराज गुरुङले जानकारी दिए।

कार्यसमितिको उपाध्यक्षमा खेन्डो दोङ, पासाङ तामाङ, प्रदिप कुमार तामाङ लामा, सचिवमा धन बहादुर बस्नेत सहसचिवमा कमला चापागाईं र कोषध्यक्षमा शारदा भट्टराई रहेका छन्। कार्यक्रमका प्रमुख अतिथि केन्द्रीय सदस्य उदय सापकोटाले राप्रपा अब मजबुँद बन्दै नयाँ शक्ति बन्ने बताए।

**प्रधानमन्त्रीको....**

भएपनि संसद् पुनर्स्थापना भएकाले अध्यादेश अधेयक ल्याउनुपरेको थियो।

सभामुख अग्निप्रसाद सापकोटासँग एमालेका पुरानै ईबी रहनु र अदालतको आदेशबाट ओली प्रधानमन्त्रीबाट पदमुक्त हुनुपरेकाले प्रधानमन्त्री देउवालाई कम संकट देखिदैन। गठबन्धन दलहरुको सर्त र अडान, प्रतिपक्षीको आक्रोश र पार्टीभित्रै पनि सत्तामा अडिरहन परेको सकसले प्रधानमन्त्री देउवा अप्ठ्यारोमा छन्। जबकी कोरोना महामारीका कारण संकटमा फसेको मुलुक सामान्य अवस्थामा फर्काउँदै सरकारको अनुभूति दिलाउन थप समस्या देखिन्छ।

**फेरि ....**

भने। उनका अनुसार, १५-१७ असोजमा विधान महाधिवेशन हुनेछ। यसअघि २५-२७ भदौ र ४-६ असोजमा विधान महाधिवेशनको मिति तोकिएको थियो। पहिलो पटक तोकिएको विधान महाधिवेशन अध्यक्ष केपी शर्मा ओली समूहको मात्रै सहभागिता रहेको बैठकले गरेको थियो। तर २७ असारमा जुटेको दश बुँदे सहमति कार्यान्वयन गर्ने निर्णय ८ भदौको स्थायी कमिटी र १० भदौको केन्द्रीय कमिटी बैठकले गरेपछि विधान महाधिवेशनको मिति सारिएको थियो।

तर फेरि पनि विधान महाधिवेशनमा सहभागी हुने प्रतिनिधिको टुंगो नलागेपछि तेस्रो पटक मिति बदलिएको छ। एमालेको नवौं महाधिवेशन पछि विधान महाधिवेशन हुन सकेको छैन। विधान महाधिवेशनमा सहभागी हुने राष्ट्रिय परिषद् सदस्य समेत चयन गरिएको थिएन। ३ जेठ २०७५ मा नेकपा माओवादी केन्द्रसँग एकता भएपछि राष्ट्रिय परिषद् सदस्य र विधान महाधिवेशन गराउने कार्य रोकिएको थियो।

शनिबारको बैठकले पार्टी विधानको बाधा अड्काउ फुकाउ गरी विधान महाधिवेशनमा सहभागी हुने प्रतिनिधिको पनि टुंगो लगाएको छ। तीन हजार सहभागी हुनेगरी प्रतिनिधिको मापदण्ड तय भएको भट्टराईले बताए। एमालेको विधान महाधिवेशनमा प्रतिनिधि परिषद् सदस्य र महाधिवेशन प्रतिनिधि स्वत: प्रतिनिधि हुने गरेको थियो। तर यसपटक त्यो निकाय नबनेकाले नयाँ मापदण्ड बनाइएको छ।

नयाँ मापदण्डअनुसार, केन्द्रीय कमिटी र केन्द्रीय कमिटीका पदाधिकारी, निर्वाचन आयोग, लेखा आयोग, निर्वाचन आयोग, केन्द्रीय सल्लाहाकार परिषद्, ज्येष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी तथा सदस्य, केन्द्रीय विभागबाट १५ जनाको सहभागिता हुनेछन्। यस्तै, प्रदेश कमिटी र सो सरह मान्यता पाएका कमिटीका पदाधिकारी र सदस्य, जिल्ला कमिटीका पदाधिकारी र सदस्यले प्रतिनिधिको रूपमा सहभागी हुन पाउने व्यवस्था गरिएको छ।

प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना सदस्य र एक जना महिला सदस्य तथा एक जना दलित सदस्यले भाग लिने छन्। पार्टीका सबै जनवर्गीय संगठनबाट १० जनाले पनि विधान महाधिवेशनमा भाग लिन पाउने छन्। प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्य, जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख तथा स्थानीय तहका प्रमुख र उपप्रमुखमा पनि प्रतिनिधिको रूपमा रहन पाउनेछन्। केन्द्रीय कमिटीले कूल प्रतिनिधिको १० प्रतिशत प्रतिनिधि मनोनित गर्न पाउने व्यवस्था समेत गरिएको छ।

विधान महाधिवेशन अगाडि ३-४ असोजमा बस्ने स्थायी कमिटी बैठकले राजनीतिक प्रतिवेदन र विधान संशोधनबारे निर्णय गर्नेछ। स्थायी कमिटीबाट पारित राजनीतिक प्रतिवेदन र विधान संशोधन ८-९ असोजमा बस्ने केन्द्रीय कमिटी बैठकले अनुमोदन गर्नेछ।

**निर्धारित....**

गरेको र जोखिमपूर्ण काममा नागरिक पठाउनु संविधान र कानून विपरीत रहेको दाबी छ।

परीक्षामा अंग्रेजी भाषाको ८० अंकको लिखित परीक्षा र २० अंकको अन्तर्वार्ता हुने विभागले जनाएको छ।

परीक्षामा सहभागी हुन यसअघि अनलाइन आवेदन दिएर दरखास्त स्वीकृत भएको हुनुपर्नेछ। सरकारले इजरायल रोजगारीका लागि साउन १२ देखि ३२ गतेसम्म अनलाइन आवेदन आह्वान गरेको थियो। त्यसक्रममा ९ हजार ६ सय ९९ नेपालीले आवेदन दिएका थिए। त्यसमध्ये ७ हजार भन्दा केही बढीको आवेदन स्वीकृत भएको छ। तर तोकिएको योग्यताका मध्ये सिएमए तालिमको अवधि १८ महिनाको नभएको पाइएको भन्दै धेरैलाई अयोग्य बनाएर उनीहरूलाई परीक्षामा सहभागी हुन बञ्चित गरिएको गुनासो बढेको छ।

सिएमए परीक्षा उत्तीर्ण गरी १५ वर्षसम्म नेपाली अस्पतालमा काम गरिरहेका सिएमए नर्सहरूलाई शैक्षिक प्रमाणपत्रमा तालिमको १८ महिनाको अवधि प्रष्ट नभएको भन्दै विभागले परीक्षामा सहभागी र छनोट हुने अधिकारबाट बञ्चित गराएको परीक्षामा सहभागी हुनबाट बञ्चित पाल्पाकी रमा नेपालले दुखेसो गरिन्। उनले भनिन्, 'शैक्षिक प्रमाणपत्रमा अवधि उल्लेख नहुनु परीक्षार्थीको कमजोरी होइन, परीक्षार्थीले उत्तीर्ण गरेको सालमा सिटिईभिटीले कति अवधिको तालिम लिएको रहेछ बुझेको भए तालिम अवधि प्रष्ट हुने थियो। त्यसतर्फ बुझ्ने प्रयास नगरी विभागले स्वेच्छाचारी बाटो अपनाएको देखियो। यसले अनुभवीलाई परीक्षामा सहभागी हुने अवसर र अधिकारमा नै आघात पारेको छ।'

विभागले परीक्षाको शुद्धता कायम गर्न लिखित र मौखिक परीक्षा सञ्चालन गर्दा लोकसेवा आयोगले अबलम्बन गरेको विधि उपयोग गरिने बताएको छ। तर कतिपयले बजारमा चलखेलका हल्ला धेरै आएको भन्दै निश्पक्षतामा सचेत हुनुपर्ने सुझाव दिएका छन्।

इजरायल रोजगारीका लागि शुरुमा १ हजार जना सहायक कामदार लैजाने बताएको छ। त्यसका लागि १ हजार ४ सय जना छनोट हुने छन्। विभागका अनुसार रोजगारीका लागि इजरायल जानेको मासिक पारिश्रमिक नेपाली रुपैयाँ करिब एक लाख ९३ हजार हुनेछ। कामदारको खानाको प्रबन्ध आफैं मिलाउनुपर्ने छ भने बस्ने व्यवस्था रोजगारदाताले नै मिलाउने जनाइएको छ।

सुनसरी डायरी
तेजबहादुर बन/मध्यान्ह

# नागरिक समाज इटहरीमा राजु बेसी



सामाजिक क्षेत्रमा क्रियाशिल तथा कलाकर्मी राजु केसी नागरिक समाज इटहरीको अध्यक्षमा चयन भएका छन्। दुई दिनसम्म चलेको समाजको भेलाले केसीलाई सर्वसम्मतबाट अध्यक्षमा चुनेको हो। केसीसँगै नागरिक समाज इटहरीमा १७ जनाको नयाँ कार्य समिति गठन भएको छ। समाजको बरिष्ठ उपाध्यक्षमा बालिका भट्टराई, उपाध्यक्षमा आर के राई र द्रोण बहादुर न्यौपाने, महासचिवमा भोलाकाजी बस्नेत, सचिव गंगा घिमिरे आचार्य, सहसचिव सुरेन्द्र तामाङ चयन भएका छन्।

त्यसैगरी समाजकै सदस्यहरूमा अनन्त विष्ट, सचिन पोखरेल, हिमाल दहाल, प्रदिप कुमार रेग्मी, लक्ष्मी थेवे, डिल्ली प्रसाद भट्टराई, धनकुमारी जिसी, शिवभक्त राजलवट, उर्मिला कटुवाल, सुमित अधिकारी, राजेन्द्र प्रसाद शर्मा वास्तोला चयन भएका छन्।

आगामी ०७८/७९ का लागि समाजको नयाँ कार्य समिति चयन भएको हो। हालै अध्यक्षमा चुनिएका इटहरी निवासी राजु केसीले नागरिक समाजलाई नयाँ दिशा तर्फ लैजाने र प्रत्येक नागरिकहरूको आवाजलाई बुलन्द बनाएर समाजमा सशक्त रूपमा भूमिका निर्वाह गर्ने प्रतिबद्धता जाहेर गरेका छन्।

त्यस्तै समाजको हरेक विकास निर्माणदेखि विभिन्न सामाजिक कार्यहरूमा पनि नागरिक समाजको सदैव उपस्थिति रहने र गलतविरुद्ध खबरदारी गर्ने चुनिएका नयाँ पदाधिकारीहरूले प्रतिवद्धता जाहेर गरेका छन्।

यसै समारोहबीच नागरिक सन्देश नामक पुस्तकको विमोचन गरिएको छ। नागरिकहरुलाई सचेत राख्न नागरिक सन्देश पुऱ्याउने पर्नेतर्फ मध्यनजर गर्दै नागरिक समाज इटहरी प्रकाशक रहेको पुस्तकको विमोचन कार्यक्रमका सहभागी सबैले सामुहिक रुपमा विमोचन गरेका हुन्।

# महेन्द्रनगर खानेपानीको पहिलो साधारणसभा सम्पन्न

सुनसरीको बराहक्षेत्र नगरपालिका ६ स्थित महेन्द्रनगर साना शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले शुक्रबार पहिलो साधारण सभा सम्पन्न गरेको छ। कोरोना कहरकै कारण स्थगित हुँदै आएको समितिको साधरणसभा संक्रमणको अवस्था न्यून भएसँगै शुक्रबार पहिलो साधारणसभा सम्पन्न भएको हो। संस्थाका अध्यक्ष भवानी प्रसाद धिमालको सभापतित्वमा सम्पन्न साधरणसभामा नागरिक समाजका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि सञ्चारकर्मी लगायत स्थानीय उपभोक्ताहरूको समेत सहभागिता रहेको थियो।

संस्थाको पहिलो साधरणसभामा अध्यक्ष धिमालले खानेपानीले अहिलेसम्म गरेको प्रगति विवरण एवम् चुनौती र भावि योजनाबारे प्रतिवेदन पेश गरेका थिए। त्यस्तै सचिव गजेन्द्रबहादुर थापाले आफ्नो तर्फबाट प्रतिवेदन पेश गरेका थिए।

कार्यक्रमका विशिस्ट अतिथि बराहक्षेत्र नगरपालिका वडा नं ६ का अध्यक्ष उद्धव पौडेलले खानेपानी संस्थानको खुलेरै प्रशंसा गरेका थिए। उनले १० वर्ष अघिसम्म बराहक्षेत्रमा खानेपानी नहुँदा सिर्जना भएको काकाकुलको अवस्थाबाट अहिले मुक्त हुनुपर्दा संस्थानप्रति आभार प्रकट गरेका थिए। साथै अब विपन्न वर्गका निमित्त खानेपानी संस्थानले केहि सोच्नुपर्ने पनि बताए।

त्यस्तै बराहक्षेत्रकै सकृय समाजसेवी तथा खानेपानी संस्थानका सल्लाहाकार संयोजक बाबुराम विष्टले दु:ख गरेर व्यक्तिगत पैसा जम्मा गरेर स्थापना गरिएको खानेपानी संस्था समुदायका लागि अहिले बरदान सावित भएको बताए। त्यस्तै बराहक्षेत्र नगरपालिकाका प्रमुख (मेयर) निलम खनालले संस्थाले दु:ख गरे जस्तै समुदायस्तरमा फलदायी सावित भएको बताए। उनले जनताको रकमबाट स्थापना भएको खानेपानी अब जनताकै सम्पत्ती भएकोले यसको दुरूपयोग नगर्न सुझाव पनि दिए।

**कतारमा...**

त्यसपछि बिरामी परें,' उनले भने, 'कम्पनीले पठाउन नमानेपछि दूतावास र एनआरएनएको सहयोगमा नेपाल आएँ।' संकटमा सघाएर 'एनआरएन'ले नबिर्सने गुन लगाएको उनको भनाइ छ। काठमाडौं ओर्लेपछि आफू जन्मघर बाजुरा हिँडेको शाहीले सुनाए।

कोभिड-१९ महामारी फैलिएयता थुप्रै अलपत्र श्रमिकलाई उद्धार र सहायता गरिएको संघले जनाएको छ। नेपाली दूतावाससँगको समन्वयमा उद्धार कार्य हुने गरेको प्रवक्ता क्षेत्रीले बताए। महामारीका बेला विदेशमा रोजगारी गुमाउने नेपाली श्रमिकको संख्या ठूलो छ।

संघको राष्ट्रिय समन्वय परिषद् कतारले उद्धार समिति नै बनाएर त्यहाँ रहेका श्रमिक नेपालीको दु:खमा साथ दिँदै आएको छ। 'समस्यामा परेका जो-कोही नेपालीलाई सङ्घले सहयोग गर्छ,' प्रवक्ता क्षेत्रीले भने, 'जस्तोसुकै अप्ठ्यारो पर्दा सङ्घमा खबर गर्नुस् भनेका छौं।'

Amargadhi Municipality
Office of Municipal Executive
Dadeldhura
Notice of Addendum-1
First Addendum Date: 2078-05-27 (Sept. 12th, 2021)
This is to notify all the concerned bidders that addendum has been issued for the SQB GOODS (Contract ID. AM/DDL/GOODS/SQB/01-2078/79) Published via PPMO e-GP system www.bolpatra.gov.np/egp on Sept.7th, 2021. The addendum for this contract can be downloaded from PPMO e-GP system www.bolpatra.gov.np/egp.
Some major changes have been made in: (a) Schedule of Requirement (b) Bid submission deadline and Bid opening date.

कतारमा रोजगार | कम्पनी : ISMAEIL THANKALIL AND ALANSARY TRADING
शहर: Doha
पूर्व स्वीकृत मितिः २०७८/०५/२५ चलानी नं.: ६०१६२७६२ LT. No.: 245339


| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४१,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gen Clean Worker | 2 | 0 | | 1000 | ३१,८४० | | | | | | | |
| 3. | Grocer | 2 | 0 | | 1000 | ३१,८४० | | | | | | | |
| 4. | Labourer | 1 | 0 | | 1000 | ३१,८४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ३ गते (19 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

श्रम इजाजत पत्र नं. ५२४/०६१/०६२
फ्रेण्डसिप ईन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
सामाखुसी, काठमाडौं, नेपाल फोन: ४३८७४९९, ४३६२६६२
मो: ९८०३१४८०२१, ९७४१८७५४३६ । Email: hrfriendship1@gmail.com



**कला** विश्वकर्मा पूजाका गर्नका लागि केही दिनमात्र बाँकी रहेको बेला सुनसरी सदरमुकाम इनरूवा– १ स्थित बजारमा माटाका कलात्मक विश्वकर्मा मूर्ति तयार गरिँदै ।

*तस्वीर : रासस*

# गोदावरी नगरपालिकाले पायो ठेकेदार

**हिमेश वि.क/मध्यान्ह**
धनगढी, २६ भदौ

कोरोना महामारीका कारण अर्थतन्त्र शिथिल हुँदा गोदावरी नगरपालिकाले पनि आन्तरिक आयश्रोतका माध्यम गुमाउनु परेको छ। गत आर्थिक वर्षमा नगरपालिकाले महामारीका कारण आन्तरिक आयश्रोतका मुख्य माध्यम ठेक्कामै लगाउन नसक्दा ठूलो क्षती व्यहोरेको थियो ।

यस वर्ष पनि आर्थिक वर्षको सुरवातमै कोरोना महामारीले केही प्रभाव परेपनि पछिल्लो सयम भने अवस्था सामान्य बन्दै गएको छ । जसले गर्दा गत वर्ष ठेक्का लगाउन नसकेका विभिन्न क्षेत्रमा यस वर्ष भने नगरपालिकाले ठेकेदार पाएको छ ।

गत वर्ष नगरपालिकाको आयश्रोतको मुख्य माध्यम रहेको नदीजन्य पदार्थ बिक्रि शुल्क संकलन गर्ने ठेकेदार पाएको थिएन । जसका कारण नगरपालिकाले आफ्नै कर्मचारी परिचालन गरेर शुल्क संकलन गरेको थियो । तर, यस वर्ष भने नदीजन्य पदार्थ बिक्रि शुल्क संकलनका लागि ठेकेदार छनोट भएको छ । जसका लागि नगरपालिकाले भवानी कन्स्ट्रक्सन प्राली कञ्चनपुरलाई स्वीकृतिका लागि छनोट गरेको छ । नगरपालिकाले गोदावरीका तीन वटा खोला खुटिया, खौराना र गोदावरी नदीको नदीजन्य पदार्थ बिक्रि शुल्कका लागि न्यूनतम ५ करोड ५० लाखमा



बोलपत्र आह्वान गरेको थियो। छनोट भएको कम्पनीले ६ करोड २२ लाख २२ हजार २ सय २२ रुपैयाँमा ठेक्का पाएको छ। यद्यपी नगरपालिकाले दोस्रो पटक बोलपत्र आह्वान गर्दा मात्रै ठेकेदारले यस प्रति चासो देखाएका हुन् । यसअघि नगरपालिकाले ७ करोड न्यूनतम मुल्य राखेर बोलपत्र आह्वान गरको थियो । गत वर्ष नगरपालिकाले आफैले नदीजन्य पदार्थ बिक्रि शुल्क उठाउँदा करिब ३ करोड मात्रै राजश्व संकलन हुन सकेको नगरपालिकाका आन्तरिक लेखा परिक्षण शाखा प्रमुख राजेश प्रसाद जोशीले मध्यान्हलाई बताए। नगरपालिकाले आफैले शुल्क उठाएको भन्दा ठेक्का मार्फत शुल्क उठाउँदा दोब्बर आम्दानी हुने देखिएको छ । नगरपालिकाले आफैं शुल्क उठाउँदा कर्मचारीहरुले मनोमानी गरेको समेत आरोप लाग्दै आएको थियो । यसैबीच नगरपालिका चालू आर्थिक वर्षका लागि अत्तरिया बसपार्क पनि ठेक्कामा लगाउन सफल भएको छ। गत वर्ष ठेकेदार नपाउँदा आफैंले शुल्क उठाएर ३० लाख मात्रै राजस्व संकलन गरेको नगरपालिकाले यसबर्ष ५२ लाख ५ सय १ रुपैयाँमा ठेक्का सम्झौता गरेको छ । बसपार्कमा पनि गत बर्षको तुलनामा नगरपालिकाको आन्तररिक आम्दानी बढ्ने देखिएको छ। यद्यपी स्थानीय सरकार आएपछि सुरुका वर्षहरुमा नगरपालिकाले बसपार्क ठेक्का बाफत करिब ९० लाख सम्म आम्दानी गरेको थियो। नगरपालिकाले गत वर्ष ३ पटकसम्म बोलपत्र आह्वान गर्दा ठेकेदार पाएको थिएन ।

यस्तै नरपालिकाको अर्को आयश्रोतको माध्यम कवाड संकलन शुल्क उठाउने ठेकेदार पनि यस बर्ष टुंगो लगाएको छ । अन्य क्षेत्रको तुलनामा कवाड संकलनका लागि नगरपालिकाले सहज रुपमा ठेकेदार पाउने गरेको छ । नदीजन्य पर्दाथ शुल्क उठाउने ठेक्का, बसपार्कको ठेक्का लगाउन पटक-पटक बोलपत्र आह्वान गर्नुपरे पनि कबाडको ठेक्का भने पहिलो पटक बोलपत्र आह्वान गर्दा परेको थियो । कवाड शुल्क बाफत गत वर्ष ३५ लाख आम्दानी गरेको नगरपालिकाले यस बर्ष भने ६० लाखमा ठेक्का सम्झौता गरेको छ । जसका लागि धनगढीको कन्चन कन्सल्टेन्ट एन्ड कन्ट्यार्कट प्रालिलाई छनोट गरेको छ। पछिल्लो समय कवाड संकलन गोदावरी नगरपालिकाको आयश्रोतको राम्रो माध्यम बन्न थालेको छ। नगरपालिकाको अर्को आयश्रोतको माध्यम विज्ञापन कर उठाउनका लागि भने अझै ठेकेदार पाइएको छैन। नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतक देवराज जोशीका अनुसार नगरपालिको विज्ञापन कर उठाउनका लागि तेस्रो पटक बोलपत्र आह्वान गरेको छ।

सुरुमा १० लाख न्यूनतम मुल्य राखेर बोलपत्र आह्वान गरिएको भएपनि तेस्रो पटक बोलपत्र आह्वान गर्दा सो मुल्य घटाएर ९ लाख राखिएको छ ।

# संखुवासभा हत्या प्रकरणः आफन्त पक्राउ

**संखुवासभा/मस–** संखुवासभा मादी नगरपालिका-१ उम्लिङ खोला गाउँमा भएको सामूहिक हत्या प्रकरणमा संलग्न भएको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मादी-१ उम्लिङ खोला गाउँकै लोकबहादुर कार्कीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी प्रमुख डिएसपी लालध्वज सुवेदीले जानकारी दिए ।

उनी हत्या गरिएका तेजबहादुर कार्कीका भतिजा पर्छन् । घटनाबारे थप जानकारी आइतबार पत्रकार सम्मेलन गरेर



दिइने डिएसपी सुवेदीले बताए ।

गत सोमबार उम्लिङको खोलागाउँमा ५२ वर्षीय तेजबहादुर कार्की, उनकी आमा ८४ वर्षीया पार्वती, श्रीमती ५२ वर्षीया कमला, तेजबहादुरकी बुहारी ३२ वर्षीया रञ्जना, नाति ११ वर्षीय दीपेन र नातिनी ७ वर्षीया गोमाको हत्या भएको थियो ।

घटनाको अनुसन्धानका लागि प्रदेश १ का प्रहरी प्रमुख नायब महानिरीक्षक अरुणकुमार बिसी, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) लगायतको टोली घटनास्थल आइपुगेको थियो। घटनामा संम्लग्न भएको आरोपमा कार्की परिवारकै आफन्त भएको डिएसपी सुवेदीले जानकारी बताए ।

**भक्तपुर डायरी**
**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**

# विश्वराम कवांको 'मेरो जीवन यात्रा' पुस्तक सार्वजनिक

विश्वराम कवांको 'मेरो जीवन यात्रा' नामक जीवनी सार्वजनिक भएको छ ।

शनिबार एक कार्यक्रमबीच भक्तपुर नगरपालकाका प्रमुख सुनिल प्रजापतिले पुस्तकको विमोचन गरेका हुन् ।

पुस्तकमा आफ्नो बाल्यकालदेखि अहिलेसम्मको जीवनमा आफुले भोगेका, देखेका, जीवनका अनगिन्ती मोडहरुको उतारचढापका बारेका विभिन्न पक्षाले अनुसन्धान गरी लेखिएका छन्। भक्तपुर नगरपालिका ७ मा जन्मिएका उनी एक सामाजिक व्यक्तित्व हुन् ।

पुस्तकमा विभिन्न कालखण्डलाई विभाजित गरिएको छ । पुस्तकमा पारिवारिक जीवन र विश्वराम कवां, खेलकुदमा विश्वराम कवां, शिक्षामा विश्वराम कवां, भक्तपुर काण्ड र विश्वराम कवां, सामाजिक कार्य र विश्वराम कवां र व्यवसायिक यात्रा र विश्वराम कवां गरी पुस्तक ६ भागमा विभाजित गरिएको छ । 'यसरी विभाजित गर्दा पाठकले सजिलै बुझ्न भनेर हो ' कवांले




भने ।

सुरुमा शिक्षण पेशाबाट प्रवेश गरेका उनी शिक्षण पेशाबाट सेवा निवृत हुँदै अहिले व्यवसायी र सामाजिक कार्यमा अग्रसर छन् । उनले व्यवसायिक जीवनसँगै खेलकुदमा पनि केहि समय क्रियाशिल थिए । साथै उनी पछिल्लो समय सामाजिक सेवामा पनि सक्रिय भएर लागेका छन् । पुस्तकमा उनले आफ्ना जीवनका यिनै पाटोहरुका उतारचढाप उतारेका छन् । पुस्तकको विमोचना गर्दै प्रमुख प्रजापतिले विश्वरामको पुस्तक समाजका लागि प्रेरणादायी रहेको बताए । लेखक कवांले पुस्तक बिक्रीबाट उठेको रकम सुस्त मनस्थिति अभिभावक संघ सहयोगार्थ प्रदान गर्ने बताए । पुस्तक एक सय ४५ पृष्ठको रहेको छ । पुस्तकको सम्पादन पत्रकार कृष्ण किसीले गरेका थिए। विमोचन समारोहमा विभिन्न व्यक्तित्वहरुले प्रकाशित पुस्तकबारे चर्चा परिचर्चा गरेका थिए ।

# सेवा निवृत्त शिक्षक शिक्षिका सम्मानित

भक्तपुरका सेवा निवृत्त ६ शिक्षकशिक्षिकालाई सम्मानित गरिएको छ । सेवा निवृत्त शिक्षक समाज भक्तपुरको शनिबार भएको दोस्रो वार्षिक साधारणसभामा उनीहरुलाई सम्मान गरिएको हो ।

सम्मानित हुनेमा शिक्षकहरु गोविन्दबहादुर सुवेदी, मुकुन्दबहादुर कर्माचार्य, सरोजकुमार दत, आशबहादुर प्रजापति, सुरेन्द्रबहादुर सिं र शिक्षिका शारदा कर्माचार्य रहेकी छन्। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सम्मानपत्र तथा दोसल्ला ओढाई उनीहरुलाई सम्मान गरेका थिए ।

कार्यक्रममा प्रमुख प्रजापतिले जीवनभर शिक्षण पेशामा लागेका शिक्षकहरु ज्ञानसीपका गहना भएको भन्दै उनीहरुले आफ्नो ज्ञान र सीप निवृत्त भएपछि पनि देश र जनताका लागि समर्पित गर्न जोड दिएका थिए ।

समाजका अध्यक्ष नाति कवां, सचिव रामगोपाल कर्माचार्य, कोषाध्यक्ष विश्वराम कवा, बालमुकुन्द बासुकला, लक्ष्मीनारायण दुवाल, वागीश्वरी माविका प्रधानाध्यापक कृष्णप्रसाद धन्छालगायत आफूहरु अहिले पनि सक्षम भएको भन्दै सक्षम भएसम्म आफूहरु सक्रिय रहने बताए। 'हामी अझैं सक्षम छौं' भन्ने नाराका साथ दुई वर्ष अगाडी समाजको स्थापना गरिएको हो ।

# कञ्चनपुरमा समाजवादीले नेताहरुलाई दियो संगठन बनाउने जिम्मेवारी

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, २६ भदौ

नेकपा(एकीकृत समाजवादी) कञ्चनपुरले निर्वाचन क्षेत्र र स्थानीय तहमा संगठन बनाउन नेताहरुलाई जिम्मेवारी दिएको छ । समाजवादीको पहिलो जिल्ला बैठकबाट शुक्रबार तीन निर्वाचन क्षेत्र र ८ स्थानीय तहमा जिम्मेवारी दिएको हो ।

तीन निर्वाचन क्षेत्रमा सुदूरपश्चिम प्रदेश सभाका साँसदले संगठन निर्माणको जिम्मेवारी पाएका छन् । निर्वाचन क्षेत्र नं. १ मा कुलबीर चौधरी, २ मा लाल बहादुर खड्का र ३ मा प्रकाश रावललाई जिम्मेवारी दिइएको छ ।

प्रदेश सभामा एमालेका चार जना सबै साँसद एकीकृत समाजवादीमा गएका छन्। उनीहरुमध्ये तारालामा तामाङ समाजवादीको जिल्ला अध्यक्ष छन्। खड्का सामाजिक विकास मन्त्री र रावल पूर्व उद्योग,वन, वातावरण तथा पर्यटन राज्यमन्त्री हुन् ।

स्थानीय तहमा दोधारा चाँदनी बाहेक अन्य सबैमा नेताहरुलाई जिम्मेवारी दिइएको छ । भीमदत्त नगरपालिकामा प्रताप तिरुवालाई जिम्मेवारी दिइएको छ । उनी भीमदत्त नगरपालिका कार्यपालिका सदस्य हुन्। बेदकोटमा सुरेन्द्र केसी, शुक्लाफाँटामा रन सिंह सुनार, कृष्णपुरमा सुरेन्द्र बलमे संगठन



निर्माणको जिम्मेवारी पाएका छन्।

उनीहरुमध्ये बम एमाले संस्थापन छाडेर केही दिन अघि मात्रै समाजवादी आएका हुन् । उनी तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटन गरेपछि ओलीको पक्षमा लागेका थिए । सर्वोच्च अदालतको फैसलापछि एमाले र माओवादी अलग भएपछि उनी एमालेमै बसेका थिए ।

पुनर्वास नगरपालिकामा स्थिर प्रसाद घिमिरेलाई जिम्मेवारी दिइएको छ। उनी एमालेका जिल्ला कमिटी सदस्य थिए । बेलौरीमा हिरामान श्रेष्ठ र लाल बहादुर शाहीलाई जिम्मेवारी दिइएको छ। लालझाडी गाउँपालिकामा आरपी सार्की र बेलडाँडी गाउँपालिकामा बीर बहादुर विष्टले जिम्मेवारी पाएका छन् ।

लालझाडीमा जिम्मेवारी पाएका सार्की निजी विद्यालयका सञ्चालक हुन्। बेलौरी बाहेक अन्य सबै पालिकामा एक/एक जनालाई संगठन निर्माणको जिम्मेवारी दिइएको छ।

समाजवादीका जिल्ला उप सचिव रबिन्द्र कुँबरले निर्वाचन क्षेत्र र स्थानीय तहमा संगठन निर्माण, पुनःनिर्माणका लागि जिम्मेवारी दिइएको बताए। 'संगठन नभएको ठाउँमा संगठन बन्छ, पूरानो जिम्मेवारी रहेकामा यथावत रहन्छ' उनले भने ।

एमालेका तत्कालिन जिल्ला अध्यक्ष तामाङसहित उपाध्यक्ष जीवनराज थापा, उप सचिव रण बहादुर महरा समाजवादीमा गएका छन्। उनीहरुले छाडेपछि एमालेमा निर्वाचित पदाधिकारी सुरेन्द्र बिष्ट बचेका छन् । उनी एमालेका सचिव हुन्।

माया पार्टी प्यालेशमा बसेको बैठकमा एमालेको तत्कालिन जिल्ला कमिटीका २८ सदस्य सहभागी भएका छन् । सातौ अधिवेशनमा निर्वाचित ६५ सदस्यीय कमिटीमा तत्कालिन नेपाल समूहका ५० भन्दा बढी सदस्य थिए।

बैठकमा समाजवादीका केन्द्रीय सदस्यहरु राम कुमार ज्ञवाली, उर्वादत्त पन्तसहित जिल्ला अध्यक्ष तामाङ, उपाध्यक्ष जीवनराज थापा, सचिव रणबहादुर महरा, उपसचिव कुँबर लगायतका नेताहरु सहभागी भएका छन्।

# नवोदित साहित्यिक वाचनालय कतारको तेह्रौं अधिवेशनसहित नवोदित कृति अवार्ड सम्पन्न



नवोदित साहित्यिक वाचनालय कतारले आफ्नो तेह्रौं अधिवेशन नवोदित कृति अवार्ड र स्रष्टा सम्मान तथा बधाई कार्यक्रमसहित अनेसास नवोदितको ११६ औं वाचन डबली सम्पन्न गरेको छ। वाचनालयका अध्यक्ष चक्र कार्कीको सभापतित्व तथा अनेमसंघ कतार च्याप्टरका अध्यक्ष सिकाराम थापाको प्रमुख आतिथ्यतमा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

मुग्लानी सौगात अलखोरका अध्यक्ष गणेश क्षेत्रीलगायतको विशेष आतिथ्यता रहेको कार्यक्रममा प्रथम उपाध्यक्ष टिका खड्का "राष्ट्रप्रेमी" ले स्वागत मन्तव्य राखेका थिए। महासचिव महेन्द्र खड्काले संस्थागत कार्यप्रगति तथा कोषाध्यक्ष शेखर बस्नेतले आयव्यय प्रस्तुत गरेका थिए ।

**डबली र सम्मान**

डबलीमा सानु थपलिया, टीका खड्का राष्ट्रप्रेमी, श्यामराज रानाभाट, दीप मिलन र प्रकाश पाठकले आफ्ना रचना वाचन गरेका थिए ।

निवर्तमान अध्यक्षालाई कार्यसमितिले प्रदान गर्ने सम्मान अन्तर्गत नवोदितका प्रमुख सल्लाहकार दिलीप पराजुली सम्मानित भएका छन् । त्यस्तै एनआरएनए कतारको २०१९/२१ को साहित्यिक पुरस्कार विजेता दीप मिलन र पत्रकारिता पुरस्कार विजेता तिलु शर्मा पौडेललाई समेत बधाई पत्र प्रदान गरिएको थियो ।

**कृति अवार्ड**

कतारमा बस्दा या कतार छाडेर गएपछि लेखिएका नेपाली भाषाका सेवकहरूको कृतिलाई 'नवोदित कृति अवार्ड' प्रदान गर्दै नवोदितले हौसला बढाउँदै आइरहेको छ । छैटौं संस्करण अन्तर्गत 'नवोदित कृति अवार्ड -२०७८' मा दर्ता भएका कृतिहरू मध्येबाट 'सनैया' संग्रहले उक्त अवार्ड जितेको छ । सनैयाका लेखक कान्तिपुर राष्ट्रिय दैनिकका पत्रकार होम कार्की हुन भने उनले अवार्डसँगै ५ हजार ५ सय ५५ रुपैयाँ नगद पनि प्राप्त गरेका छन् । यसअघि महेन्द्र अदृश्य राई 'अदृश्यको प्रतिबिम्ब' कविता संग्रह २०६९, भानु सुनुवार 'रहरको बिस्कुन' गजल संग्रह २०७०, लेख कार्की मन्दिर 'गजल संग्रह २०७२,' विनोद खड्का 'ओला' नियात्रा संग्रह २०७४ र मीनराज वसन्त 'पिपिरी' उपन्यास २०७६ ले अवार्ड जिती सकेका छन् । खुल्ला सत्रको समापन सभापति कार्कीले गरेका थिए भने सहजीकरण महासचिव खड्काले गरेका थिए ।

यस्तै अधिवेशनमार्फत टीका खड्का राष्ट्रप्रेमीको अध्यक्षतामा नयाँ कार्य समिति निर्विरोध चयन भएको छ। समितिको प्रथम उपाध्यक्ष रूप रसाइली, द्वितीय उपाध्यक्ष महेन्द्र खड्का, पुस्तकालय संयोजक शेखर बस्नेत, महासचिव नारायण भण्डारी 'निर्जल', सचिव सानु थपलिया, कोषाध्यक्ष लीला नाथ घिमिरे र सह कोषाध्यक्ष राम अधीन सम्भव रहेका छन् भने सदस्यमा प्रकाश पाठक र सुरेश परियार 'आभास' रहेका छन्।

नव निर्वाचित पदाधिकारीहरूलाई निर्वाचन समितिका संयोजक श्यामराज रानाभाटले पद तथा गोपनियताको शपथ ग्रहण गराएका थिए ।

# नेपाली महिला समाज कतारले मनायो भव्यरूपमा तीज



**प्रवास डायरी**
**तिलु शर्मा पौडेल/मध्यान्ह**

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, २६ भदौ

नेपाली महिलाहरूको महान पर्व हरितालिका तीज कतारमा भव्यरूपमा मनाइएको छ । नेपाली महिला समाज कतार र एनआरएनए एनसीसी कतारको महिला विभागको संयुक्त आयोजनामा प्रत्यक्ष र जुम अनलाइन बाट रमाइलो तीज कार्यक्रम २०२१ भव्यरूपमा मनाइएको हो ।

नेपाली राजदूतावासको सभा हलमा समाज कतारकी अध्यक्ष सरिता पौडेल भण्डारीको सभापतित्व तथा कतारका लागि नेपाली राजदूत नारदनाथ भारद्वाज वाग्लेको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा नियोगका द्वितीय सचिव प्रविण भट्टराईलगायत कतारमा स्थापित संघ संस्था प्रमुख, महिला प्रतिनिधि, सामाजिक अभियन्ताहरुको उपस्थिति रहेको थियो । विधिवत रूपमा उद्घाटन गर्दै सुरु गरिएको कार्यक्रम तथा उपस्थितलाई एनआरएनए कतारकी महिला संयोजक नानु घले व्लोनले स्वागत मन्तव्यले स्वागत गरेकी थिइन् ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि राजदूत भारद्वाजले नेपाल संस्कृतिको धनी देश रहेको कुरा अरब दिपमा मनाइएको तीजले पुष्टि गरेको बताए। कार्यक्रममा बोल्ने विभिन्न वक्ताहरूले तीजको शुभकामना आदान प्रदान सहित शुभेच्छा प्रकट गरेका थिए । समाजकी महासचिव कामना केसीले सञ्चालन गरेको कार्यक्रमको बीचबीचमा नाचगानसमेत गरिएको थियो । कार्यक्रमलाई समापन गर्दे सभापति पौडेलले कोरोनाका कारण खुल्ला रूपमा कार्यक्रम गर्न नसकिए पनि आगामी दिनमा अवस्था सहज हुँदै जाने आशा व्यक्त गर्दै कतारका सबै महिलालाई समेट्दै थप नयाँसहित अन्य कार्यक्रम गर्न सकिने वातावरण बन्ने विश्वास व्यक्त गरेकी थिइन् ।

## सम्पादकीय

# निर्विकल्प सहमति

प्रमुख विपक्षी दल नेकपा एमालेका सांसदहरूको अवरोध बीच शुक्रबार सरकारले संशोधित बजेट ल्याएको छ । रोष्टममा नाराबाजी चलिरहँदा अर्थमन्त्री जनार्दन शर्माले चालु आर्थिक वर्ष २०७८/०७९ का लागि संशोधित बजेट पेश गरे । २३ भदौदेखि शुरू भएको प्रतिनिधिसभा बैठकमा एमाले सांसदहरूले सभामुख अग्निप्रसाद सापकोटा प्रति आक्रोश व्यक्त गरिरहेका छन् । एमालेले कारबाही गरेका १४ सांसदलाई पदमुक्त नगरेर सभामुखले आफ्नो भूमिका भुलेको भन्दै संसद् अवरूद्ध गरिदै आएको थियो । संसद् अवरूद्ध कायमै रहँदा शुक्रबार अर्थमन्त्री शर्माले अध्यादेश विधेयक प्रस्तुत गरे, संसद्को बहुमतले पारित भएपछि संशोधित बजेट ल्याइएको छ । शनिबार बसेको एमाले स्थायी कमिटी बैठकले सभामुखको भूमिकाप्रति आपत्ति जनाउँदै संसदमा सशक्त रूपमा प्रस्तुत हुने निर्णय समेत गरेको छ ।

यसले प्रतिनिधिसभाको मूडभेड कायमै रहने अनुमान गर्न सकिन्छ । संसद् सजिलो नहुने संकेत बैठक शुरू हुनु अगाडि देखिएको थियो । तर सभामुख सापकोटाले सहमतिको आवश्यक पहल गरेनन् । सहमतिका निम्ति गरिएको प्रयत्न औपचारिकताका लागि मात्रै रहेको एमाले आरोपमा केही सत्यता समेत पाउन सकिन्छ । किनकि जुन तहको विवाद संसद्मा कायम छ, त्यसका लागि छलफल गर्न आवश्यक समय लिइएन । यदि आवश्यक समय दिइएको थियो भने संशोधित बजेट ल्याउँदाको दृष्य अलग हुन सक्थ्यो । किनकि एमाले नेतृत्वको सरकारले संसदबाट नभएर अध्यादेशबाट बजेट ल्याएको थियो । अहिले संसद् पुनर्स्थापना भएकाले कर निर्धारण सम्बन्धी निर्णय प्रतिनिधिसभा बैठकले गर्नपर्ने हुन्थ्यो । यसमा एमालेले पनि आफूलाई रचनात्मक भूमिकामा ल्याउन सक्थ्यो र पर्थ्यो पनि ।

तर न सभामुख सापकोटाले, न त दलीय नेतृत्वले नै सहमतिको आवश्यक पहलकदमी लियो । यसले फेरि पनि संसद् प्रभावकारी भूमिकामा नरहने अनुमान गर्न सकिन्छ । त्यसैपनि प्रतिनिधिसभाले गएको दुई वर्षदेखि प्रभावकारी काम गर्न सकेको छैन । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को विवादको असर प्रतिनिधिसभामा देखिएको थियो । दुई पटक ओलीले संसद् भंग गर्ने निर्णय गरे, तर दुवै पटक सर्वोच्च अदालतले संसद् पुनर्स्थापना गरिदियो । पुनर्स्थापित संसद् पनि अब बहुमतको बलमा मात्रै नभएर जनप्रतिनिधिहरूको स्थलका रूपमा सक्रिय हुन आवश्यक छ । अर्थात्, संसद् सञ्चालनका सन्दर्भमा नेतृत्वले निर्विकल्प रूपमा सहमतिको खोजी गर्न जरूरी छ ।

## सामाजिक सञ्जाल



आफैँले दुई/दुई पटक हत्या प्रयास गरेको संसद बारम्बार अबरूद्ध गर्नुभन्दा एमाले कमरेडहरूले अर्को चुनावपछि जनअनुमोदित भएर मात्रै संसदमा आउँछौ भनेर राजिनामा गर्नु राम्रो र नैतिक हुन्छ । करिब दुई तिहाईको आफ्नो सरकार आफै ढाल्ने र त्यसको कुन्ठाको मूल्य देशलाई बोकाउने कार्य घृणित हो ।

**- डम्मर खतिवडा**



नेपाली जनताको आशा र भरोसाको संस्था संघिय संसद । नेपालको सम्पूर्णँ क्षेत्रमा बेतिथी, बिसंगती र विकृति त सांसदहरूले भित्राएकै थिए अब हुँदा–हुँदा आफ्नै मर्यादित ठाउँलाई पनि दुर्घन्दित बनाई रहेका छन । त्यहाँ जम्मै भ्रष्ट, बेईमान, कपटि, बलात्कारीहरू मात्र भएकोले पनि त्यस्तो व्यवहार देखिएको हो ।

**- पुरूषोत्तम ढुंगेल**




राष्ट्रियताको सवालभन्दा पनि व्यक्तिगत राजनीति ईगो बन्दै एमसीसी । प्रचण्डले स्वीकारे ओलीले विरोध गर्ने, प्रचण्डले विरोध गरे ओलीले संसदबाट एमसीसी पारित गर्न कांग्रेसलाई सघाउने । त्यसपछि सत्ता गठबन्धन भत्काएर सरकारमा एमाले सहभागी हुने योजना अनुरूप बेमौसमी एमसीसी ल्याएको हो रे ।

**- राधाकृष्ण कटवाल**



लोकतन्त्रमा असहमति व्यक्त गर्न पाइन्छ तर, अभिव्यक्तिमा शिष्टता चाहिन्छ । संसदमा शुक्रबार देखिएको ओली समूहको अशिष्टता कुनै नौलो त होइन । तर मेला बजारमा हुने कन्सर्टमा भन्दा बढी उत्तेजित भएर जन–प्रतिनिधिले देखाएको हर्कत र अभीव्यक्ति अत्यन्तै अशोभनीय, अमर्यादित र गैरजिम्मेवारपूर्ण छ ।

**- प्रदिप पौडेल**



आयोजना कार्यान्वयनको हाम्रो शैलीमा समस्या छ । सरकारका महत्वपूर्ण पदमा बस्नेहरूलाई यो समस्याको समाधानमा खासै रूची छैन । बरू यही निहुँमा दातालाई स्वेच्छाचारी हिसाबले नीतिगत तहमा हस्तक्षेप गर्न दिएर सरकारी पद बाहिर पुगेपछि दाताकै जागिरे बन्ने प्रवृत्ति हाम्रो विकासको बाधक बनेको छ ।

**- सुर्यराज आचार्य**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# संसदीय व्यवस्थाको दुरावस्था

संसदीय इतिहासमा लोकप्रीय र जनप्रीय नेताहरु दुर्लभ मात्र भेटिन्छन् । संसदीय व्यवस्थाले थुप्रै पुस्ताको जीवन बर्बाद गरिदिएको छ । थुप्रै वा हजारौं निष्ठावान इमान्दार नेता कार्यकर्ताको बिचल्ली बनाइदिएको छ । उनीहरुको जीवन बर्बाद हुनुको एउटै कारण थियो कि उनीहरु इमान्दार निष्ठावान थिए ।




● विष्णु पन्त

**संसदीय व्यवस्थाको दुरावस्था**

यदि संसदीय पार्टीहरु र तिनका नेताहरुले संसदीय वा लोकतान्त्रिक आदर्शहरुलाई पछ्याउन सकेको भए तमाम विकृतिहरुका बाबजुद पनि व्यवस्था माथिनै संकट उत्पन्न हने थिएन होला । आज संसदीय व्यवस्थालाई पूर्ण असफल भएको छ तर संसदवादी विश्लेषकहरु यो असफलता वा संकट व्यवस्थाका कारण हैन नेतृत्वका कारण भएको हो भन्ने तर्क प्रस्तुत गरिरहेका छन् । यदि नेतृत्व असफल हो भने त्यसलाई बदल्ने सम्भावना वा बाटो के हो ? सबैलाई थाहा छ, बहालवाला नेतृत्व बदल्ने बाटो पूर्ण रुपमा बन्द वा असम्वभ छ । नेतृत्वको मात्रै दोष हो भने त्यसको भागीदार संसदीय दलहरु हुन । यदि संसदीय दलहरुको विकल्प खोज्ने हो भने त्यसको विधि के हो ? मेरो विचारमा पुराना दलहरुको विकल्प खोज्ने विधि संसदीय व्यवस्थाले बन्द गरिदिएको छ । यदि व्यक्ति वा नेताहरु खराब भए पनि त्यसलाई रोक्ने वा सच्याउने दायित्व राजनीतिक प्रणालीको हुनुपर्छ । व्यवस्था ठीक, नेतृत्व खराब वा असफल भनेर उम्कीन छुट कसैलाई हुँदैन ।

पछिल्ला संसदीय गलत अभ्यासहरुले व्यवस्थाकै अन्त्यको माग गर्दछन् । २०४६ सालदेखि आजसम्म केवल विकृति, विसंगती, प्रतिशोध, निषेध र अराजकताको मात्र पुनरावृत्ति भइरहेका छन् । आज केपी ओली सरकारका विरुद्ध विपक्षी गठबन्धन नै तयार भएको छ । शेरबहादुर देउवालाई प्रधानमन्त्री मान्न हुने र केपी ओलीलाई मान्न नहुने विपक्षी गठबन्धनसँग कुनै सैद्धान्तिक र राजनीतिक कारण छैन । केपी ओली मात्र सत्तामा रहीरहनुपर्ने वा शेरबहादुर देउवालाई मान्न नहुने पनि कुनै राजनीतिक आधार छैन । पार्टीमा भागवण्डा मिलेमा कुनै पनि बेला देउवाले फेरि धोका पाउने सम्भावना प्रबल छ । यदि विपक्षी गठबन्धनले भनेजस्तै आफु कुनैपनि हालतमा सत्तामा टिक्न खोज्नु ओलीको तानाशाही प्रवृत्ति हो भने जुनसुकै हालतमा ओलीलाई सत्ताच्यूत गर्ने अस्वस्थ अभ्यासमा लाग्नु पनि उत्तिकै तानाशाही र फासीवादी कदम हो । फेरि पनि बारम्बार एउटै प्रश्न दोहोरिन्छ : के व्यक्ति बदलेर अहिलेको समस्या समाधान हुन्छ त ?



> आजको बजेट किन झापा, चितवन र डढेल्धुरामा मात्र बढि केन्द्रीत हुन्छ त ? यो व्यवस्थाले सबै नेता, मन्त्री र सांसदलाई चुनाव लड्नका लागि गच्छेअनुसार करोडौं वा अरबौं रकम निजी खातामा जम्मा गर्न भन्छ । नेपालमा भ्रष्टाचार नियन्त्रण हुन नसक्नुको मुख्य कारण के होला ? भ्रष्टाचार नियन्त्रण हुन नसक्नुको मुख्य कारण हो कोही पनि नेता, मन्त्री, सांसद र उच्च कर्मचारी सम्पती छानबीनको पारदर्शी विधि विकास गर्न चाहँदैनन् ।

> भ्रष्टाचारलाई निरुत्साहीत वा दण्डित गर्नु राज्यको वा व्यवस्थाको दायित्व हो । आज स्वीस बैंक, दुवै बैंक, सिंगापुर बैंकमा नेपालीहरुको कालोधन जम्मा गरीएका समाचारहरु छ्याछ्याप्ती बाहिर आएका छन् तर राज्य संयन्त्र मौन र रमिते बनेको छ । त्यसकारण भ्रष्टाचार बढ्नु पनि राज्य प्रणालीकै दोष हो ।

केपी ओलीको ठाउँमा शेरबहादुर देउवा आएर अग्रगमन हुन्छ ? व्यवस्था हैन नेतृत्व असफल भन्ने निष्कर्ष टाउकाले टेकेको उल्टो निष्कर्ष हो । सुल्टो र वैज्ञानिक सत्य यो होकी यदि व्यवस्था सहि भएमा त्यसले खराबीहरुलाई हटाउँछ । राजनीतिक व्यवस्था खराब भएपछि त्यसले नेतृत्वलाई पनि असफल र बदनामीत बनाउँछ । के २०४६ देखि आजसम्मका सबै नेतृत्व खराब र असफल थिए त ? कुनै पनि व्यक्ति वा नेतृत्वलाई बिग्रिनबाट जोगाउने प्रणाली वा विधिको विकास गर्नुपर्छ । मेरो विचारमा अहिलेको संसदीय प्रणालीले सबैलाई बिगार्ने र पथभ्रष्ट गराउने मात्र काम गर्छ । उदाहरणका लागि संसदीय पार्टीहरुमा पनि थुप्रै आशलाग्दा अनी दुरदर्शी नेताहरु थिए र छन् तर सरकारमा पुग्नासाथ ती सबै पथभ्रष्ट वा बदनामीत भए । यो समस्याको मुख्य कारण व्यवस्था वा राजनीतिक यन्त्रमा छ । उदाहरणका लागि यो व्यवस्थाले सबै मन्त्री र सांसदलाई आफ्नो निर्वाचन क्षेत्र हेर्न भन्छ ।

आजको बजेट किन झापा, चितवन र डढेल्धुरामा मात्र बढि केन्द्रीत हुन्छ त ? यो व्यवस्थाले सबै नेता, मन्त्री र सांसदलाई चुनाव लड्नका लागि गच्छेअनुसार करोडौं वा अरबौं रकम निजी खातामा जम्मा गर्न भन्छ । नेपालमा भ्रष्टाचार नियन्त्रण हुन नसक्नुको मुख्य कारण के होला ? भ्रष्टाचार नियन्त्रण हुन नसक्नुको मुख्य कारण हो कोही पनि नेता, मन्त्री, सांसद र उच्च कर्मचारी सम्पत्ती छानबीनको पारदर्शी विधि विकास गर्न चाहँदैनन् । आजको विज्ञान र प्रविधिको युगमाा प्रत्येक नागरिकका सम्पत्तिका स्रोतहरुको सहजै खोजी गर्न सकिन्छ र त्यो एउटा सफ्टवेयरबाट सम्भव छ । मेरो विचारमा यो व्यवस्थाले भ्रष्ट, दलाल, तस्कर, कालोबजारीया र माफियाको पक्षपोषण गर्दछ । आजको व्यवस्थामा जसले भ्रष्टाचार गरेर अकुत कालो धन थुपार्छ उही सफल र विजयी हुन्छ ।

भ्रष्टाचारलाई निरुत्साहीत वा दण्डित गर्नु राज्यको वा व्यवस्थाको दायित्व हो । आज स्वीस बैंक, दुवै बैंक, सिंगापुर बैंकमा नेपालीहरुको कालोधन जम्मा गरीएका समाचारहरु छ्याछ्याप्ती बाहिर आएका छन् तर राज्य संयन्त्र मौन र रमिते बनेको छ । त्यसकारण भ्रष्टाचार बढ्नु पनि राज्य प्रणालीकै दोष हो । हाम्रोमा भ्रष्टाचारको आरोपमा कारबाहीमा परेका नेता, मन्त्री र सचिवहरुको उदाहरण नै छैन । कोही परेको भए ती नियोजित रुपमा फसाइएका पात्रहरु मात्र हुन भन्नु सहि नै होला । भ्रष्टाचारको विषयमा ठूला माछा र साना माछाको बहस पनि चलाइएकै हो । त्यसकारण राज्यले चाहेमा भ्रष्टाचारमा नियन्त्रण गर्ने स्वतन्त्र, निष्पक्ष र पारदर्शी, विधिध र संयन्त्रको निर्माण गर्न सक्छ । हाम्रो संयन्त्र त उल्टो भ्रष्टाचारलाई प्रोत्साहन गर्ने, संस्थागत गर्ने र नीतिगत गर्ने दिशामा केन्द्रीत छ । हाम्रा नेताहरुको राजसी शैली लोभलाग्दो र अचम्मलाग्दो छ ।

मन्त्री प्रधानमन्त्री हुँदा बुझाइएका सम्पत्ती विवरणमा सम्पत्ती शुन्य छ तर सदाबहार राजसी जीवन शैली छ । हेलिकप्टरको यात्रा छ, महंगा कार छन् र ठूला ठूला बंगला वा दरबार छन् । मेरो विचारमा यो प्रणालीले दिएको छुट हो । मेरो विचारमा यो व्यवस्थालाई संसदीय व्यवस्थ यसकारण भनिएको हो कि संसदलाई सरकार बनाउने वा ढाल्ने अधिकार हुन्छ । सांसदहरुको किनबेच, अपहरण र मन्त्रालयको भागवण्डा आजका सर्वस्वीकृत घटनाहरु हुन । प्रधानमन्त्री वा सरकार संसदप्रति उत्तरदायी हुन्छ तर सांसदहरुको हरिबिजोग मोलतोलमा आधारित छ । संसदीय अंकगणितको प्रभाव वा असर अदालत वा न्यायालयमा पनि पर्दछ । जस्तो कि दुई तिहाई बहुमतसहितको प्रधानमन्त्री केपी ओलीले संसद विघटन गरेको भए अदालतले के गर्दथ्यो होला ? उनले विघटनपछि मन्त्रीपरिषदको विस्तार गरेको भए अदालत के बोल्दथ्यो होला ? संसदीय अधिनायक वा फासीवाद संसदीय व्यवस्थाको पुरानै विशेषता हो ।

**सरकारमा जानु बदनामित हुनु स्वभाविक**

नेपालमा संसदीय व्यवस्थाको स्थापना हुनासाथ ३ वटा सिद्धान्त र नियमको भएको छन् - १) सरकारमा जानुको अर्थ बदनामित हुनु, २) बहुमत ल्याउनुको अर्थ पार्टी विभाजन हुनु र ३) विचार, आर्दश र राजनीति हैन कुर्ची, सत्ता वा भागवण्डालाई प्रधान मान्नु । किन बहुमत प्राप्त दल पटक-पटक विभाजनको शिकार बन्छ ? किन बहुमत प्राप्त दलको प्रधानमन्त्री पनि पाँच वर्षसम्म टिक्क सक्दैन ? अनि किन कुनैपनि प्रधानमन्त्री वा मन्त्री सत्तामा टाँसिरहन चाहन्छ ? मेरो विचारमाथि प्रश्नको जवाफ राजनीतिक प्रणाली र विचारधारासँग जोडिएको हुन्छ । यदि संसदीय आदर्शका हिसाबले हेर्ने हो भने दुईतिहाइ बहुमतप्राप्त दलको अध्यक्ष र संसदीय दलका नेताको हैसियतले प्रधानमन्त्री बनेका केपी ओलीलाई पाँच वर्ष पुरा अवधि सरकार चलाउने अधिकार दिएको भए सही हुन्थ्यो । केपी ओलीको तर्क नै सहि छ । बहुमत प्राप्त दलको अध्यक्ष वा नेताले पनि पाँच वर्ष सरकार चलाउन नपाउने ? तर नेपालमा बहुमत आउनु वा सरकारमा जानु विभाजनको मुख्य कराण हुने गरेको छ । आज विभाजित एमालेभित्रको गाईजात्रा अनौठो र उदेक लाग्दो छ । आफू नरहे पार्टी, सत्ता वा देशै भाँडिदिने प्रवृत्ति अराजनीतिक र राष्ट्रघाती छ ।

**विदेशी हस्तक्षेप र चलखेलका लागि संसदीय व्यवस्था**

नेपालमा सरकारमा पुग्नका लागि विदेशी शक्तिहरुकोमा लम्पसार पर्ने प्रवृत्ति चिरपरिचत छ । सबैलाई थाहा छ, नेपालमा विदेशीहरुको हस्तक्षेप वा प्रभाव हुन्छ । एमाले माकेबीचको एकतापछिको विभाजन अनि एमालेकै विभाजन किन ? हिजो संसदमा बहुमतप्राप्त नेपाली कांग्रेसको विभाजन किन ? विदेशी शक्तिहरु नेपालमा संसदीय अंकगणितलाई आधार बनाएर हस्तक्षेप गरिरहन्छ । चीन नेपालमा स्थिरता चाहान्छ भने अन्य शक्तिहरु नेपालमा अस्थिरता निम्त्याउन चाहान्छन् । अस्थिरता र विभाजन सृजना गर्ने सजिलो माध्याम बनेको छ संसद । जब कुनै पनि सरकार स्थिरतर्फ जान खोज्छ तव विभाजनका योजना सुरु हुन्छन् । त्यसकारण नेपालको संसद सँधैभरी विदेशीहरुको खेलौना बन्ने गरेको छ । हामी सबैलाई थाहा छ, एमाले सरकारमा पुग्नका लागि कति ठूलो आत्मसमर्पण, गुलामी र मूल्य चुकाउने काम गर्नुपर्‍यो ? माओवादी केन्द्र सत्तामा पुग्नका लागि प्रचण्ड र बाबुरामको औंठाछापको पनि पर्दाफास भइरहेकै छ । स्वतन्त्र हिसाबले हेर्ने हो भने सरकार टिकाउन वा सरकारमा जान विदेशीहरुको गुलाम गर्नुपर्ने बाध्यता पनि छ । यो बाध्यताका मुख्य कारण भनेकै संसदीय व्यवस्था हो । जसले शक्ति केन्द्रहरुको निगाहा प्राप्त गर्न सक्छ उही नै ठूला दलहरुभित्र हाबी हुने अभ्यासले आम्रो राष्ट्रियतालाई संकटमा पार्दछ । मुलुकको राष्ट्रिय राजनीतिमा अस्थिरता चाहने शक्तिकेन्द्रहरुबाट खतरा उत्पन्न भएको छ । हाम्रो इतिहासमा दाशढुंगा हत्याकाण्ड र दबार

> पछिल्ला संसदीय गलत अभ्यासहरुले व्यवस्थाकै अन्त्यको माग गर्दछन् । २०४६ सालदेखि आजसम्म केवल विकृति, विसंगती, प्रतिशोध, निषेध र अराजकताको मात्र पुनरावृत्ति भइरहेका छन् ।

हत्याकाण्ड राष्ट्रियतासँग जोडिएका घटना हुन् । किन नेपालको संविधानसभाले चाँहादाचाँहादै पनि प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री वा राष्ट्रपतिको व्यवस्था गर्न सकेन ? मेरो विचारमा यो प्रश्न गम्भीर छ र यसले नेपालको सार्वभौमिकता र स्वतन्त्रताको रक्षा गर्ने सवालमा उत्पन्न भएको चुनौति, संकट र खतरालाई प्रतिबिम्बित गर्दछ । त्यसकारण यदि नदीनाला र अन्य राष्ट्रिय सम्पदाको रक्षा गर्ने हो भने अनि राष्ट्रिय स्वाधिनताको रक्षा गर्ने हो भने पनि संसदीय व्यवस्थाको अन्त्य अनिवार्य छ ।

**देश बनाउने सपनामाथि खेलवाड**

संसदीय इतिहासमा लोकप्रीय र जनप्रीय नेताहरु दुर्लभ मात्र भेटिन्छन् । संसदीय व्यवस्थाले थुप्रै पुस्ताको जीवन बर्बाद गरिदिएको छ । थुप्रै वा हजारौं निष्ठावान इमान्दार नेता कार्यकर्ताको बिचल्ली बनाइदिएको छ । उनीहरुको जीवन बर्बाद हुनुको एउटै कारण थियो कि उनीहरु इमान्दार निष्ठावान थिए । पछिल्लो समय माओवादी आन्दोलनमा लागेका लाखौं योद्धाहरुको जीवन यहि व्यवस्थाले बर्बाद गरिदियो । त्यतिमात्र होइन क्रान्ति र मुक्तिको सपना देखेका सम्पूर्ण जनसमुदायलाई यसले निराश बनायो । पार्टीमा टुटफुट र विभाजन अनि गलत अभ्यासका कारण राजनीतिबाटै पलायन हुन विवश युवाहरुको सपनामाथि खेलबाड भयो । २०४६ पछि आजसम्म सरकारका विरुद्ध वा प्रधानमन्त्रीका विरुद्ध थुप्रै संघर्षहरु भए । व्यक्ति बदल्ने कुनै पनि संघर्षले देशमा परिवर्तन आएन । थुप्रै अविश्वासका प्रत्सवहरु आए र कति सफल भए त कति असफल भए । गथुप्रै पटक सरकारको विषयमा पार्टीहरु विभाजित भए तर राजनैतिक स्थिरता कायम भएन । थुपै् पटक संसद सरकारको विषयमा पार्टीहरु विभाजित भए तर राजनीतिक स्थिरता कामय भएन । थुप्रै पटक संसद विघटन र पुर्नस्थापनाक घटनाहरु भए तर केहि पनि फरक भएन । त्यतिमात्र होइन थुप्रै मध्यावधी अनि आवधिक चुनाहरु भए तर राजनीति सही बाटोमा आएन । यसको मुख्य कारण के हो त ? मुख्य कारण राजनीतिक प्रणाली हो ।

**राजनीतिक स्थिरताका लागि संसदीय व्यवस्थाको अन्त्य**

यदि मुलुकको हित चाहने हो भने सबैभन्दा पहिले राजनीतिक अस्थिरताको अन्त्य अनिवार्य छ । संसदीय व्यवस्थाको अन्त्यका लागि नयाँ आधारमा नयाँ राष्ट्रिय एकताको आवश्यकता छ । आजको निकास निषेध, अस्वीकार्यता र प्रतिशोध हो कि, सहकार्य, एकता र सहअस्तित्व ? सबैभन्दा सुन्दर प्रस्ताव हुन सक्छ यदि अग्रगमनका लागि तयार हुन्छन् भने केपी ओलीको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार । अर्थात जो प्रधानमन्त्री हुन्छ उसकै नेतृत्वमा राष्ट्रिय सहमति कायम हुनु त्यो राष्ट्रिय एकताको बाटो हो । यदि नयाँ विकल्पमा जाने सवालमा सरकार वा कुनै दल बाधक भएमा त्यसलाई हटाउनु न्यायोचित र अपरीहार्य हुन्छ । यदि सबै दल र शक्तिहरु मिलेर संसदीय व्यवस्थाको विकल्प खोजेमा त्यो सुन्दर विकल्प हुनेछ । कस्तो वा कुन व्यवस्था भन्ने विषय बहस र छलफल चलाउने तर यो व्यवस्थाको अन्त्यका लागि एक हुने ढंगले सबैको जीत हुनसक्छ । राजनीतिक स्थिरताका लागि जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्रीको व्यवस्थामा जानु अपरीहार्य जस्तै बनेको छ । बहुमत र दुईतिहाइ बहुमतका परीक्षणहरु पनि पटकपटक असफल हुनु बनेको व्यवस्थाकै कमजोरी हो । तसर्थ विभाजन, निषेध र प्रतिशोध हैन राष्ध्रिय एकताको आधार खोज्नु आजको परिस्थितीको माग हो । संसदस्य व्यवस्थाको निरन्तरता हैन अन्त्य तत्कालीन आवश्यकता हो । अग्रगामी व्यवस्थाको लागि तयार हुनु नै मुख्य कार्यभार हो ।

# तालिबानको ज्यादती बढ्यो : राष्ट्रसंघ

**काठमाडौं/एजेन्सी–** अफगानिस्तानमा तालिबानले उसको विरोध गर्दै प्रदर्शनमा भेला भएका मानिसमाथि हिंसात्मक बल प्रयोग गरेर दमन गरेको भन्दै संयुक्त राष्ट्रसंघले आपत्ति जनाएको छ। राष्ट्रसंघका अनुसार तालिबानको दमनमा पछिल्ला प्रदर्शनहरूमा चार जनाको मृत्यु भइसकेको छ । झन्डै एक महिनाअघि राजधानी काबुल तालिबानको नियन्त्रणमा पुगेपछि अफगानिस्तानका विभिन्न स्थानमा महिला अधिकार र स्वतन्त्रताका पक्षमा प्रदर्शनहरू भइरहेका छन् ।

प्रदर्शनकारीमाथि तालिबान लडाकुले लाठी र कोर्रा प्रहार गर्नुका साथै गोली पनि चलाएको राष्ट्रसंघको प्रतिवेदनमा उल्लेख छ । 'शान्तिपूर्ण भेला हुन पाउने अधिकार प्रयोग गरिरहेका मानिसहरू र आन्दोलनको समाचार संकलन गरिरहेका पत्रकारमाथि बल प्रयोग र स्वेच्छाचारी रूपमा नियन्त्रणमा लिने काम तत्काले रोक्न तालिबानलाई हाम्रो आग्रह छ,' राष्ट्रसंघीय मानवाधिकार उच्चायुक्तका प्रवक्ताले एउटा वक्तव्यमा भनेकी छन् ।

गत अगस्टमा तालिबानले प्रादेशिक केन्द्रहरूमा नियन्त्रण कायम गर्न सुरु गरेको थियो । दुई हप्ताको अवधिमा तालिबान लडाकुहरूले राजधानी काबुललाई पनि कब्जा गरे । अगस्ट अन्त्यमा आफ्ना सैनिकहरू अफगानिस्तानबाट बाहिरिनुअघि अमेरिकी नेतृत्वको सेनाले एक लाख २० हजार मानिसलाई काबुल विमानस्थलबाट उद्धार गरेको जनाएको छ ।



दुई दशकअघि न्यूयोर्कको ट्विन टावरमा भएको ९/११ आक्रमणपछि अमेरिकी गठबन्धन सेनाले तालिबानलाई अफगानिस्तानबाट सत्ताच्युत गर्न कारबाही थालेको थियो । अहिले तालिबान पुनः शासनमा फर्किएको छ ।

राष्ट्रसंघकी प्रवक्ता रविना शामदासानीले शुक्रवार भएको एक पत्रकार सम्मेलनमा तालिबानले बल प्रयोग गरेकोमा आलोचना गरेकी छन्। उनका अनुसार गत अगस्ट १५ पछि प्रदर्शनहरू बढ्दै गएका थिए तर तालिबानले बुधवारबाट अनधिकृत भेलाहरूमा प्रतिबन्ध लगाएको छ भने बिहीवारबाट मोबाइल इन्टरनेट बन्द गर्न दूरसञ्चार कम्पनीहरूलाई आदेश दिएको छ । 'यो अत्यन्तै अनिश्चयको समयमा' तालिबानले सडकमा भेला भएका महिला र पुरुषहरूको आवाज सुन्न आवश्यक भएको उनको भनाइ छ । राष्ट्रसंघको विज्ञप्तिमा विगत केही साता विरोधप्रदर्शन दमन गर्न भएका हिंसात्मक बल प्रयोगमा एक बालकसहित चार जनाको मृत्यु भएको उल्लेख छ ।

राष्ट्रसंघले पत्रकारहरूमाथि भएको हिंसाको पनि आलोचना गरेको छ । यसै साता प्रदर्शनको समाचार संकलनमा क्रममा तालिबानले आफूहरूलाई नियन्त्रणमा लिएर पिट्नुका साथै कोर्रा लगाएको पत्रकारहरूले बताएका थिए । तालिबानको नियन्त्रणपछि अफगानिस्तानबारे सर्वत्र चासो बढिरहेका बेला राष्ट्रसंघको यस्तो प्रतिवेदन आएको हो ।

# गुजरातका मुख्यमन्त्री रुपाणीले दिए राजीनामा

भारतको पश्चिमी राज्य गुजरातका मुख्यमन्त्री विजय रुपाणीले शनिबार आफ्नो पदबाट राजीनामा दिएको अधिकारीहरुले बताएका छन् । रुपाणीले आगामी वर्षको अन्तातिर राज्यमा निर्वाचन अगाडि अप्रत्याशित कदममा आफ्नो राजीनामा दिएका छन् ।

रुपाणीले राजीनामा दिएपछि सञ्चारकर्मीसँगको कुराकानीमा भने, 'नयाँ उत्साह र नयाँ ऊर्जासहित गुजरातको विकासको यात्रा नयाँ नेतृत्वमा अगाडि बढ्नुपर्छ भन्ने मेरो विश्वास छ । यो कुरालाई ध्यानमा राख्दै मैले गुजरातको मुख्यमन्त्री पदबाट राजीनामा दिएको हुँ ।'

उनले भने, 'म जस्तै पार्टी कार्यकर्तालाई गुजरातको मुख्यमन्त्रीको रुपमा सेवा गर्ने महत्वपूर्ण मौका दिन पाएकोमा म खुशी छु ।'

गुजरात भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र उनका सहयोगी संघीय गृहमन्त्री अमित शाहको गृह राज्य हो । रुपानीको राजीनामा के कारणले आएको भन्ने विषयमा थप विवरणहरू आउन अझै केही समय लाग्ने छ । तथापि, रिपोर्टहरूमा भारतीय सत्ताधारी दल भारतीय जनता पार्टी (भाजपा) को 'सुधारको बाटो' हुनसक्ने बताइएको छ ।



रुपाणीले २६ डिसेम्बर २०१७ मा दोस्रोपटक गुजरातको मुख्यमन्त्रीका रूपमा शपथ लिएका थिए । भाजपाले गुजरातमा १८२ सिटमध्ये ९९ मा जीत हासिल गर्दै बहुमत प्राप्त गरेको थियो । विधानमन्डल दलको बैठकमा रुपाणी विधायक दलको नेता र नितिन पटेल उपनेता चुनिएका थिए ।

# मोरक्कोमा नयाँ प्रधानमन्त्री नियुक्त

**काठमाडौं/एजेन्सी-** मोरक्कोमा शुक्रबार नयाँ प्रधानमन्त्री नियुक्त गरिएको छ । मोरक्कोका राजा मोहम्मद छैठौंले अजिज अखान्नौचलाई नयाँ प्रधानमन्त्रीका रुपमा नियुक्त गरेका हुन् । नेस्नल र्‍याली अफ इन्डेपेन्डेन्ट (आरएनआई) का अध्यक्षसमेत रहेका अखान्नौचलाई मन्त्रिपरिषद् गठन गर्ने जिम्मेवारीसमेत राजाले दिएका छन् ।

यही सेप्टेम्बर ८ मा भएको निर्वाचनको नतिजाका आधारमा उनलाई प्रधानमन्त्रीमा नियुक्त गरिएको राजदरवारबाट प्रकाशित वक्तव्यमा उल्लेख गरिएको छ । निर्वाचनमा उनको पार्टीले जित हासिल गरेको छ । प्रधानमन्त्रीमा नियुक्त भएका अजिज अहिले ६१ बर्षको भएका छन् । उनले सन् २००७ देखि २०१७ सम्म कृषि मन्त्रीका रुपमा सेवा गरेका थिए ।



उनको आगमनसँगै जस्टीस एण्ड डेभ्लभमेन्ट पार्टीको सरकार अन्त्य भएको छ । सो पार्टीले गत सन् २०११ देखि गठवन्धन सरकार चलाउदै आएको थियो । मरक्कोमा गत बुधबार तल्लो सदनका सदस्य र स्थानीय तहका प्रतिनिधि चयनका लागि मतदान भएको थियो ।

निर्वाचनका लागि देशभरी झन्डै एक करोड ७५ लाख आधिकारीक मतदाता रहेका थिए । कोरोनाभाइरसको महामारीलाई मध्यनजर गर्दै मतदान केन्द्र तोकिएको र मतदान केन्द्रमा भीडभाड नहुने व्यवस्था गरिएको थियो ।

तल्लो सदनका लागि देशभरीबाट ३९५ जना छानिने गरी निर्वाचन भएको थियो । त्यसैगरी स्थानीय प्रतिनिधिका रूपमा झन्डै ३१ हजार चुनिने गरी निर्वाचन भएको निर्वाचन आयोगले जनाएको छ ।

निर्वाचनका लागि मोरक्कोका मात्रै झण्डै चार हजार ५०० र विदेशी झण्डै १०० निकायका पर्यवेक्षक खटिएका थिए । निर्वाचन आयोगले प्रान्तीय परिषद्को निर्वाचन भने यही सेप्टेम्बर २१ र माथिल्लो सदनको निर्वाचन अक्टोबर ५ मा गर्ने तयारी गरेको छ ।

# 'अमेरिकामा कोरोना महामारी नियन्त्रण उन्मुख छैन'

**काठमाडौं/एजेन्सी–** अमेरिकामा कोरोनाभाइरसको महामारी नियन्त्रण उन्मुख नरहेको सरकारी उच्च अधिकारीहरुले स्पष्ट पारेका छन् । अमेरिकी राष्ट्रपतिका मुख्य चिकित्सा सल्लाहकार एन्टोनी फाउचीले महामारी नियन्त्रण उन्मुख भएको भन्न नमिल्ने बताएका छन् ।

कोरोनाभाइरसबाट संक्रमित हुने र मृत्यु हुने क्रम नरोकिएकाले नियन्त्रण हुन लागेको भन्न नमिल्ने उनको भनाइ छ । सबैले कोरोनाभाइरस विरुद्धको खोप लगाएपछि मात्रै महामारी नियन्त्रण उन्मुख हुन सक्ने उनले बताए । 'हामी अहिले पनि महामारीकै अवस्थामा छौं, अहिले पनि एक दिनमा एक लाख ६० हजारभन्दा बढी नयाँ संक्रमित थपिने गरेका छन्,' फाउचीले भने ।

अमेरिकामा कोरोनाभाइरसको महामारी नियन्त्रणको अवस्था पनि अहिले सन्तोषजनक नरहेको उनको बुझाइ छ । दैनिक संक्रमितहरूको संख्या दश हजारभन्दा कम भएपछि मात्रै नियन्त्रण उन्मुख रहेको मान्न सकिने वरिष्ठ चिकित्सक फाउचीले बताए ।

सेप्टेम्बर ८ सम्ममा अमेरिकामा चार करोड पाँच लाख २३ हजार ९५४ जना कोरोनाभाइरसबाट संक्रमित भएका छन् । त्यसैगरी हालसम्म झण्डै छ लाख ७७ हजारको मृत्यु भइसकेको छ ।


## सूचना ! सूचना ! सूचना !

नेपाल चलचित्र कलाकार संघ (F.A.A.N) को मिति २०७८/०५/२५ गते बसेको कार्य समितिको बैठकले विधानको परिच्छेद ४ दफा १० र उपदफा 'घ' बमोजिम संघको १८ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बोलाउने निर्णय भएको हुँदा सदस्यज्यूहरुलाई जानकारी गराइन्छ । साथै सदस्यज्यूहरुलाई सदस्यता नवीकरण गर्नुहुनको लागि यसै सूचना मार्फत अनुरोध गरिन्छ ।

यस अघि पनि साधारण सभा सम्पन्न गर्न सूचना प्रकाशित गरी कोभिडको कारणबाट निषेधाज्ञा र लकडाउन भएकाले साधारण सभा स्थगित गर्नुपर्ने बाध्यता भएको जानकारी सदस्यज्यूहरुमा गराउँदछौं । पुनः साधारणसभा सम्पन्न गर्न यो सूचना प्रकाशित गरिएको छ ।

सदस्यज्यूहरुलाई साधारण सभा बारे खबर गरिएको छ, खबर प्राप्त नभए यसै सूचनालाई आधिकारिक जानकारी मानी उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**मिति : २०७८ असोज १६ गते शनिबार**
**स्थान : स्काई दरबार (स्काई जोन) बग्गीखाना संगै रामशाहपथ**
**समय : बिहान ११:४५ बजे**

**चेत बहादुर सिंह 'राजा'** — महासचिव
**रविन्द्र खड्का** — अध्यक्ष

**नेपाल चलचित्र कलाकार संघ**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति: २०७८/०५/२७

यस कम्पनीको मिति २०७७/०९/२५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक **शिवपुरी सनशाईन रिसोर्ट प्रा.लि.** मा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले व्यहोर्ने गरि कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/११/०२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरि **रोयल भिल्ला रिसोर्ट प्रा.लि.** (प्रा.लि. २३३५८६) कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०७८/०५/२७**

यस कम्पनीको मिति २०७८/०४/२६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनीको नाम **जे.आ.टि. बिल्डर्स प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्ने पर्ने कर, दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०५/१८ को निर्णयानुसार कम्पनीको परिवर्तित नाम जे.आई.टि. बिल्डर्स प्रा.लि.(प्रा.लि.नं. २६७६२०) कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## साउदीमा रोजगार

१. कम्पनी : ABDULLAH SHALEEL BIN HABIB AL-MUTAIRI FACTORY FOR INDUDTRY — शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०४/१४ | चलानी नं.: ६०१६०८४९ | LT. No.: 242775 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 9 | 0 | स. काममा दक्ष | 1200 | ३७,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

२. कम्पनी : TIME DEMAND COMPANY FOR OPERATION AND MAINTENANCE — शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०२/२६ | चलानी नं.: ६०१५९२६८ | LT. No.: 240569 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workers | 40 | 0 | स. काममा दक्ष | 1000 | ३१,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

३. कम्पनी : TIME DEMAND COMPANY FOR OPERATION AND MAINTENANCE — शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०३/१५ | चलानी नं.: ६०१५९४४३ | LT. No.: 241480 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५६,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Worker | 3 | 0 | | 1000 | ३१,२८० | | | | | | |

४. कम्पनी : SARAH ABDULLAH DAFYAN AL-MUTAIRI FACTORY FOR INDUSTRY — शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०४/२६ | चलानी नं.: ६०१६१३९७ | LT. No.: 243512 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 9 | 0 | स. काममा दक्ष | 1200 | ३७,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

५. कम्पनी : THE BRANCH OF MAATOOQ HABIB AL BELADI SONS CONTRACTING COMPANY — शहर : HOFUF
पुर्व स्वीकृत मितिः २०७८/०४/०३ | चलानी नं.: ६०१६०२८३ | LT. No.: 241930 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Truck Driver | 20 | 0 | | 1800 | ५६,३०४ | | | | | | |

६. कम्पनी : TIME DEMAND COMPANY FOR OPERATION AND MAINTENANCE — शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०५/११ | चलानी नं.: ६०१६२०६९ | LT. No.: 243893 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 17 | 0 | स. काममा दक्ष | 1000 | ३१,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७८ असोज ३ गते (19 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम ई. पत्र नं. १२३५/०७४/७५

**AASHIN OVERSEAS PVT. LTD.**
Sinamangal-9, Airport, Kathmandu, Tel.: +977-1-4469912, 4469913

## Dudhauli Municipality
## Office of the Municipal Executive
Dudhauli, Sindhuli
Bagmati Province, Nepal

### Invitation for sealed Quotation for the Procurement of Supply and Delivery of Medicine and Surgical Item

**Sealed Quotation No. DMUN-02-078/079**
**Date of Publication: 12-09-2021**

1. The Dudhauli Municipality invites sealed quotations from registered Suppliers for the Supply and Delivery of Medicine and Surgical Item.
2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation forms at the Dudhauli Municipality, Dudhauli, Sindhuli, Bagmati Province, Nepal, Phone: 047-412045, Email: dudhaulinp@gmail.com. Or [may visit PPMO website www.bolpatra.gov.np].
3. If hard copy is allowed then a complete then a complete set of Bidding Documents may be purchased from the office of the Dudhauli Municipality, Dudhauli, Sindhuli, Bagmati Province, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of Company/Firm registration certificate and upon payment of a non refundable fee of NRs. 1,000.00 till 27-09-2021, 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account:
   - i **Name of the Bank** : Nepal Bank Ltd.
   - ii **Name of Office** : Dudhauli Municipality
   - iii **Office Account No.** : 25203000001001000001
5. Sealed bids must be sumitted to the Office to the Dudhauli Municipality, Dudhauli Sindhuli, Bagmati Province, Nepal by hand ot through e-GP system i.e www.bolpatra.gov.np/egp on or before 27-09-2021, 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 27-09-2021, 13:00 at the Office to the Dudhauli, Municipality, Dudhauli Sindhuli, Bagmati Province, Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 48,000.00, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the cash Security, the cash should be deposited in Deposit Account No. [25203000003000000001] at [Nepal Bank Ltd., Dudhauli, Sindhuli] and submit the recipit of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept of reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# बक्स अफिस समाचार

# ‘खोज–अनुसन्धानको महत्व र यसको आयामलाई राज्यले बुझ्नुपर्छ’



**देवेन्द्र थुम्केली**, कलालेखक

कलाकार तथा कलालेखक देवेन्द्र थुम्केलीले काठमाडौं विश्वविद्यालयबाट दक्षिण एसियाली कला अध्ययन र त्रिभुवन विश्वविद्यालयबाट चित्रकलामा स्नातकोत्तर गरेका छन् । कार्टुनिस्ट क्लब अफ नेपालका उपाध्यक्ष तथा नेपाल ललितकला पत्रकार समाजका महासचिवसमेत रहेका थुम्केलीले चार दर्जन बढी दैनिक, साप्ताहिक तथा मासिक पत्रपत्रिकामा कार्टुन बनाइसकेका छन् । उनको हालसालै ‘कलाकार जीवनवृत्त’ पुस्तक प्रकाशित भएको छ । कलाकार तथा कलालेखक थुम्केलीसँग कला र यससँग सम्बन्धित विषयमा केन्द्रित रही **मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**ले गरेको कुराकानीको सम्पादित अंश :

**केमा व्यस्त हुनुहुन्छ ?**

कलालेखन, कलाकर्म र पत्रकारितामा दिन बितिरहेका छन् । पछिल्लो समय नेपाली कलाका विविध पक्षका बारेमा खोज-अनुसन्धानमा पनि समय बितिरहेको छ ।

**हालै ‘कलाकार जीवनवृत्त’ कृति सार्वजनिक गर्नुभयो, यो कृतिले समाजमा के सन्देश दिन्छ ?**

यो कृति मूलतः जीवनीपरक हो । नेपालमा परम्परागतरुपमा हजारौं वर्षदेखि प्रचलित कलाका रुपमा परिचित थाङ्का तथा पौभाकलामा साधनारत् अग्रजदेखि नवपुस्ताका कलाकारको कलायात्रा र कलाका बारेमा यस पुस्तकमा विविध पक्षलाई उठाउने कोसिस गरिएको छ । साथै, सधैं राज्यको नजरमा पर्न नसकेको नेपालको मौलिक कलामा सक्रिय कलाकारको योगदानलाई हामी सबैले सम्मान गर्नुपर्दछ भन्ने भाव पैदा गर्दछ भन्ने मेरो बुझाई हो । यस्तै, नेपाली कला र कलाकारप्रति केही भए पनि सकारात्मक दृष्टिकोण निर्माणमा सहयोग पुग्ने अपेक्षा र आशा राख्न सकिन्छ ।

**अन्य विषयमा थुप्रै पुस्तक प्रकाशनमा आए पनि ओझेलमा परेको थाङ्का एवं पौभाकला र कलाकारका बारेमा पुस्तक लेख्नुपर्छ भन्ने सोचको जन्म कसरी भयो ?**

वास्तवमा नेपाली कलाका बारेमै लेखिएका कृति नै कम छन् । त्यसमा पनि परम्परागत थाङ्का/पौभाकलाका बारेमा नगण्य नै छ । अझ यस क्षेत्रमा काम गर्ने कला र कलाकारका बारेमा यथोचित ढंगले लेखिएको पनि निकै कम छ । यही परिवेशमा मेरो अध्ययनको क्षेत्र पनि दक्षिण एसियाली कला रहेको र त्यसमा पनि नेपालका परम्परागत कला, लोककला तथा अन्य सिर्जनात्मक कलालाई मूलधारमा जोड्दै चिनाउनु पर्छ भन्ने अभिप्रायले पनि लेखनमा उत्प्रेरणा मिल्यो । साथै नेपाललाई कलाका दृष्टिले विश्वमै चिनाउन सक्ने कला पनि यिनै हुन् । यी कलाले हाम्रो सभ्यता, वैभवता र जीवनपद्धति तथा सामाजिक अवस्था बुझाउन महत्वपूर्ण भूमिका खेल्ने भएकाले पनि लेखनकार्यमा जोडिन पुगें ।

**तपाईं ललितकलाको विद्यार्थी यो क्षेत्रको भविष्य छैन भन्छन् नि ?**

राम्रो गर्ने जोकोहीका लागि यो क्षेत्रमा भविष्य अन्य क्षेत्रमा भन्दा सहज र सुरक्षित छ । कलाबाट कुनै पनि मानव सभ्यता र समुदाय अलग रहन सक्दैन । हुनत मानिसले भौतिक रुपमा बनाउने या निर्माण गर्ने वस्तुको रुपपक्ष नै कलासँग अन्तरसम्बन्धित हुन्छ । हरेक वस्तुको एउटा रुप हुन्छ । त्यो रुपलाई कलाले नै निर्धारण गर्दछ । अर्थात् मानिसले कुनै पनि समान लिँदा आहा कति राम्रो भन्ने भाव प्रकट हुनु नै कलाको कारण हो । तसर्थ कला क्षेत्रमा लागेर मानिसले नाम, दाम र परिचय निर्माण गर्न सक्छ । यो सिर्जनात्मक क्षेत्र पनि भएकाले कला सिकेका वा कलाचेत भएका अन्य विषय या विधा पढेका मानिस बढी सिर्जनशील हुन्छन् ।

**नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको यो विषयमा कस्तो भूमिका हुनुपर्छ ?**

प्रतिष्ठानले नेपालका कलाको बारेमा खोज अनुसन्धान गर्ने, तिनको तथ्यमा रहेर पैरवी तथा प्राज्ञिक महत्वलाई उजागर गर्ने काम गर्नुपर्दछ । कला क्षेत्रमा गर्नुपर्ने कार्यको राज्यसँग समवन्य गर्दै यसको महत्वलाई आममानिससमक्ष लैजान पहलकदमी लिनुपर्दछ ।

**कलासँग सम्बन्धित प्रतिष्ठान राजनीतिक भर्तिकेन्द्र र शैक्षिक योग्यता नपुगेकालाई प्राज्ञको उपाधि भिराएर राज्यको ढुकुटी स्वाह गर्ने ठाउँ बन्यो भन्छन् नि ?**

यसमा राज्य सचेत हुँदै सम्बन्धित विज्ञ र प्राज्ञिक क्षमता राख्ने व्यक्तित्वलाई लैजाने वातावरण निर्माण गरिनुपर्दछ । अन्यथा परिणाम कम आउने र त्यसले कला क्षेत्रलाई पछाडि धकेल्ने काम गर्दछ ।

**नेपाली कलाकारका सिर्जनालाई दस्तावेजका रूपमा संग्रह गर्न सरोकारवालाको भूमिका कस्तो पाउनुभएको छ ?**

यो निकै अहम् प्रश्न हो । नेपाली कलामा योगदान दिनुभएका विशिष्ट प्रतिभालाई राज्य वा सरोकारी संघसंस्थाले सम्मान गर्दै उहाँहरुको कदर गर्नुपर्दछ । जस्तो कि अग्रज वा प्रतिभाशाली कलाकारले रचना गरेका कलालाई सकेसम्म राज्यले संवर्द्धन तथा प्रवर्द्धन गर्ने वातावरण बनाउनु पर्दछ । यस्तै कलाकारका कलाकृतिको दस्तावेजीकरण गर्दै तिनलाई आममानिससमक्ष ल्याउने काम गरिनुपर्दछ । साथै कलाकारको व्यक्तित्व र कृतित्व झल्किने प्रकाशन, दृश्य तथा श्रव्य सामग्री संकलन तथा प्रकाशनमा ध्यान बढी केन्द्रित गरिनुपर्दछ ।

**भविष्यमा कला र कलाकारको अवस्था कस्तो देख्नुहुन्छ ?**

अहिले परिस्थिति अलि फरक छ । कोरोना महामारीले अन्य क्षेत्रजस्तै कलाक्षेत्र पनि प्रभावित छ । तर, नेपालमा कलाको भविष्य निकै सुन्दर रहेको छ । यो सीप र सिर्जनासँग जोडिएको रचनात्मक कर्म भएकाले र मानिसको कलाप्रति अनुराग भनौं या अभिरुचि पनि बढिरहेको छ । यो निकै सुखद पक्ष हो । कला ग्यालरी, संग्रहालय, पार्क, आदि बनाउनुपर्छ भन्ने सोचको विस्तारै विकास भइरहेको छ । यसैगरी कला शैक्षिक संस्था पनि बढिरहेका छन् । स्थानीय तहका सरकारले कला तथा संस्कृतिप्रति केही गर्नुपर्छ भन्ने धारणाको विकास गरिरहेका छन् । प्रादेशिक सरकारले पनि संस्थागत ढंगले काम गर्ने गरी संरचना निर्माण गरिरहेका छन् । समग्रमा हेर्दा नेपालमा कलाक्षेत्र निकै प्रभावकारी ढंगले अगाडि बढिरहेको छ ।



**कलालेखन तथा अनुसन्धानका विषयमा राज्यको तर्फबाट कस्तो सहयोग चाहनुहुन्छ ?**

पहिले त खोज-अनुसन्धानको महत्व र यसको आयामलाई राज्यले बुझ्नुपर्दछ । यसमा राज्यले लगानी बढाउनुपर्दछ । खोज-अनुसन्धानका लागि उचित वातावरण निर्माण गर्दै नयाँ पुस्तालाई पनि आकर्षित गर्ने अवस्था सिर्जना गरिनुपर्दछ । साथै, विभिन्न वृत्ति उपलब्ध गराएर, विभिन्न परियोजना निर्माण गरी तथा सम्मान, पुरस्कार प्रोत्साहन स्वरुप प्रदान गरेर राज्यले कलाक्षेत्रको खोज-अनुसन्धानका क्षेत्रमा अधिक काम गर्नुपर्दछ । साथै अधिकभन्दा अधिक कलाका बारेमा लेखिएका पुस्तक प्रकाशनमा ध्यान दिनुपर्दछ ।

**शैक्षिक पाठ्यसामग्रीमा कलाले स्थान नपाउनुको कारण ?**

समग्र राष्ट्रको मनोभावनालाई नबुझ्नु यसको मुख्य कारण हो । पढेका कतिपय विज्ञको टेक्नोक्रयाक्ट मानसिकताले कला संस्कृतिका विषय पाठ्यसामग्रीका रुपमा आउन नसकेको अनुभूत भइरहेको छ । खासगरी अनिवार्य नेपाली तथा अंग्रेजी विषयका पाठ्यसामग्रीमा नेपाली कलाको विषय अत्यन्तै न्युन मात्रामा रहेको छ । विद्यालय तथा विश्वविद्यालयका अनिवार्य विषयमा कला र संस्कृतिका पक्षलाई कम समेट्नु, साहित्यको हावी हुनु र खोज-अनुसन्धानको पाटो कमजोर हुनु यसको मूल कारण हो जस्तो लाग्छ । साथै कति त बाह्य प्रभाव पनि परेको हुनुपर्छ ।

**नेपालमा पाठ्यक्रम तयार पार्ने विज्ञहरूले स्वदेशका विषयभन्दा पनि विदेशका विषय राख्न रूचाउनुको कारण के होला ?**

खोज-अनुसन्धान गर्नुपर्ने झन्झट व्योहोर्न नपर्ने तथा अन्य व्यक्तिगत फाइदा पनि हुन सक्लान् । जे भए पनि नेपालका कला, संस्कृति तथा मानव निर्मित सम्पदाका विषयलाई पाठ्यक्रममा समेटेर नयाँपुस्तामाझ नेपालको कला तथा सांस्कृतिक पहिचानलाई स्थापित गरिनुपर्दछ ।

**प्रतिभाशाली कलाकारको दस्तावेजीकरणसँगै योगदानको उचित मूल्यांकन गर्नका लागि के गर्नुपर्ला ?**

खासगरी अग्रज स्रष्टाका कलाकृतिका साथै उहाँहरुले दिएको योगदानको कदर गर्न सरोकारी संस्थाले संग्रहालय स्थापना गर्ने, कलाकारको कृतित्व र व्यक्तित्व झल्किने विभिन्न प्रकाशन गर्नुपर्छ । सम्मान, पुरस्कार तथा विद्वतवृत्ति प्रदान गरिनुपर्दछ । सद्भावनादूत बनाई नेपालको कला र संस्कृतिलाई विश्वमा चिनाउने वातावरणको निर्माण गर्न राज्य अग्रसर हुनुपर्छ ।

**कलाको परिभाषा कसरी दिनुहुन्छ ?**

कला एक सिर्जनात्मक अभिव्यक्ति हो । कला रेखा वा रङ वा आकृतिबाट भावाव्यक्त गर्ने एक सशक्त सिर्जनात्मक माध्यम पनि हो ।




**तपाईंको कृतिमा अटाएका कलाकारमध्ये केही छुटेजस्तो लाग्दैन ?**

हो, पुस्तकमा थुप्रै अग्रज र योगदान दिएका कलाकार छुटेका छन् । त्यसलाई आगामी प्रकाशनमा समेट्दै जाने योजना छ ।

**यो क्षेत्रमा आउन चाहनेहरूको लागि के भन्न रूचाउनु हुन्छ ?**

कला आफैंमा एक स्वाभलम्बी बन्ने विधा हो । राम्रो काम गर्ने जोकोहीले भोकै बस्नुपर्दैन । तसर्थ कला क्षेत्रमा आउन चाहनेले निर्धक्क अध्ययन गर्न आउँदा हुन्छ ।

**अन्त्यमा के भन्नुहुन्छ ?**

कला सिर्जनात्मक क्षेत्र भएकाले यसको सवलीकरण, सिर्जनाकर्म तथा बजारीकरणमा राज्यले चासो राखिदिए मात्रै पनि धेरै राहत मिल्छ ।

## गीतकार संघको ‘राष्ट्रिय स्रष्टा सम्मान’ असोज पहिलो साता



**काठमाडौं/मस–** गीतकार संघ नेपालले वार्षिकरुपमा आयोजना गर्दै आइरहेको ‘राष्ट्रिय स्रष्टा सम्मान’ कार्यक्रम कोभिडका कारण गत वर्ष हुन नसकेपनि यो वर्ष आगामी असोजको पहिलो साता हुने भएको छ । संघले एका प्रेस विज्ञप्ति प्रकाशित गर्दै कार्यक्रम हुने जानकारी गराएको हो । विज्ञप्ति अनुसार यस वर्ष नवौं ‘अमर भावना राष्ट्रिय सम्मान’, वर्ष गीत पुरस्कार, वर्ष गीत पुस्तक पुरस्कार, डायस्पोरा गीतकार सम्मान’ र यस वर्षबाट प्रदान गर्न लागेको ‘विष्णुमनसरा घले मातृभाषा गीतकार सम्मान’ वितरण गरिने छ ।

संघले यस वर्ष अमर भावना गीतकार ‘राष्ट्रिय स्रष्टा सम्मान २०७७’ विशिष्ट गीतकार विश्व वल्लभलाई एक लाख एकाउन्न हजार नगद सहित ताम्रपत्रले सम्मान गरिने जनाएको छ । त्यसैगरी हरेक वर्ष प्रदान गर्दै आएको ‘डायस्पोरा गीतकार सम्मान’ गीतकार हरि उप्रेतीलाई नगद १५ हजार र प्रमाणपत्रसहित ‘डायस्पोरा गीतकार सम्मान २०७७’ प्रदान गरिने भएको छ । यस वर्षबाट प्रदान गरिने ‘विष्णु मनसरा घले मातृभाषा गीतकार सम्मान २०७७’ गुरुङ भाषाका गीतकार कृष्णबहादुर गुरुङ ‘लमजुङ’लाई नगद पच्चिस हजार, पाँच सय बाउन्न सहित प्रमान पत्र प्रदान गरिने भएको छ ।

संस्थामा आवद्ध सदस्यहरुले २०७७ मा सार्ववनिक गरेका र संस्थामा विधिवत रुपमा दर्ता भएको गीतहरु मध्यबाट ‘वर्ष गीत पुरस्कार २०७७’ मा दश गीत छनोटमा परेका छन् । जसमा ‘चुडी जाने’ राजु थापा, ‘आफैं हिड्ने’ रमेश दाहाल, ‘सोच्दैछु’ सुरेश आले, ‘तस्विर’ रविन्द्र आशिष शैली, ‘तिमीलाई’ ध्रुब अमगाई, ‘गन्जी मैलो’ रमेश अधिकारी, ‘यही देशमा’ एचके धिताल, ‘यो कस्तो कहर’ प्रवल बिष्ट, ‘बाँचुन्जेल हाँसो’ वीवी थापा र ‘एकान्तमा’ अगम बिकराल रहेका छन् ।

वर्ष गीत तर्फ यो वर्ष ‘मनको आकाश’ गणेश श्रेष्ठ ‘अपेक्षा’, ‘फूलको मुस्कान’ घन बहादुर थापा मगर, ‘नथाक्ने मान्छे’ जेबि थुलुङ रहेका छन् । छानिएका उत्कृष्ट दश गीतहरु र तीन पुस्तक मध्येबाट विशेष समितिले चयन गर्ने एक-एक सर्वोत्कृष्ट गीतलाई कार्यक्रम स्थलमै घोषण गरी प्रत्यकलाई ५७ हजार नगदसहित प्रमाणपत्र प्रदान गरिने संघका अध्यक्ष शुभ मुकारुङद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

# पारा ओलम्पियन पलेशा सम्मानित



**काठमाडौं, मस–** काठमाडौं जिल्ला तेक्वान्दो संघले टोकियो पारालिम्पिकमा उत्कृष्ट प्रदर्शन गर्दै इतिहास रचेकी तेक्वान्दो खेलाडी पलेशा गोबर्द्धनलाई शनिबार १० हजार नगदसहित सम्मान गरेको छ ।

सोही अवसरमा नेपाली पारालिम्पिक टोलीका प्रशिक्षक कविराज नेगी लामा र व्यवस्थापक दीपक विष्टलाई पनि प्रशंसा पत्रद्वारा सम्मान गरिएको थियो । बागमती प्रदेश खेलकुद परिषद्का सदस्य–सचिव सूर्यलाल भण्डारी, नेपाल तेक्वान्दो संघका उपाध्यक्ष भरत महर्जन, बागमती प्रदेश तेक्वान्दो संघका अध्यक्ष केशव पुरी, काठमाडौं जिल्ला तेक्वान्दो संघका अध्यक्ष अशोक खड्कालगायतले उनीहरुलाई सम्मान गरे । त्यसै अवसरमा तेक्वान्दो संघका उपाध्यक्ष महर्जनले व्यक्तिगत रुपमा पलेशालाई नगद १ लाखसहित सम्मान गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा काठमाडौं जिल्ला तेक्वान्दो संघमा मनोनित उपाध्यक्ष राजेन्द्र पुजारी, सह–सचिव मनोजकुमार शाह तथा सदस्य घनश्याम कार्की, सानुबाबु महर्जन, दशरत्न शाही र लालबहादुर मगरलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराइएको थियो ।

हालै सम्पन्न १० औं कोरियन एम्बासडर भर्चुअल राष्ट्रिय पुम्से प्रतियोगिताको आ–आफ्नो विधामा उत्कृष्ट घोषित काठमाडौंका खेलाडी मूलपानी तेक्वान्दो डोजाङका भिजन तामाङ र मधुसुदन सापकोटा, काटेश्वर तेक्वान्दो डोजाङकी सन्ध्या लामा तथा स्युचाटार तेक्वान्दो डोजाङका राम गोले र लक्ष्मण गोलेलाई पनि प्रशंसा पत्रबाट सम्मान गरिएको थियो ।

ललितपुर र भक्तपुर जिल्ला तेक्वान्दो संघका नवनिर्वाचित कार्यसमितिका पदाधिकारीहरु पनि सोही अवसरमा सम्मानति भए ।

# नेपालद्वारा पीएनजी १५१ रनले पराजित

**काठमाडौं, एजेन्सी–** दोस्रो मैत्रीपूर्ण एकदिवसीय क्रिकेटमा पपुवा न्युगिनीसँग भएको खेलमा नेपाल १५१ रनले विजयी भएको छ । नेपालले दिएको २ सय ३४ रनको लक्ष्य पछ्याएको पीएनजीले १९ ओभर १ बलमा अल आउट हुँदै ८२ रन मात्र बनाउन सफल भएको थियो । पीएनजीका लागि टोनी उराले १९ र चार्ल्स अमिनीले १६ रन बनाएका थिए ।

बलिङतर्फ नेपाली लेग स्पिनर सन्दीप लामिछानेले करिअरकै उत्कृष्ट प्रदर्शन गरेका थिए । ५ ओभर १ बल बलिङ गरेका सन्दीपले ११ रन दिएर ६ विकेट लिएका थिए । त्यस्तै सोमपाल कामी, विक्रम सोब र सुशन भारीले १/१ विकेट लिएका थिए । यसअघि टस जितेर ब्याटिङ गरेको नेपालले ४९ ओभर ३ बलमा अलआउट हुँदै २३३ रन बनाएको थियो । नेपालका लागि रोहित पौडेलले अर्धशतकीय पारी खेलेका थिए । १२३ बल खेलेका रोहितले ८६ रन बनाएका थिए भने कप्तान ज्ञानेन्द्र मल्लले ४५ रन बनाउँदा करण केसीले २६ बलमा ४२ रनको योगदान गरेका थिए ।

# पूर्व सदस्य–सचिव राणाको निधन



**काठमाडौं, मस–** राष्ट्रिय खेलकुद परिषद् (राखेप) का पूर्व सदस्य–सचिव रुक्मशमशेर राणाको निधन भएको छ । राणाको शुक्रबार राती ८५ वर्षको उमेरमा बत्तीसपुतलीस्थित निवासमा निधन भएको हो ।

स्व. राणा दुईपटक राखेपको सदस्य–सचिव बनेका थिए । उनी नेपाल ओलम्पिक कमिटी (एनओसी), नेपाल तेक्वान्दो संघ, नेपाल एथलेटिक्स संघका पूर्व अध्यक्ष हुन् । राणा एनओसीका मानार्थ अध्यक्ष थिए । राखेपका सदस्य–सचिव रमेशकुमार सिलवालले राणाको पार्थिव शरीरमा राखेपको झण्डा ओढाएर श्रद्धाञ्जली अर्पण गरेका थिए । स्व. राणाको शनिबार पशुपति आर्याघाटमा अन्त्येष्टि गरिएको छ ।

राखेपले राणाको निधनमा गहिरो दुःख व्यक्त गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना गरेको छ । साथै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गरेको छ । राणाको निधनमा राखेपले आइतबार त्रिपुरेश्वरस्थित राखेप परिसरमा शोकसभा आयोजना गर्ने भएको छ ।

## रूपेशलाई चेस उपाधि

भदौ २६ , ललितपुर– नेपाल बुद्धिचाल संघका पूर्वअध्यक्ष एवं सहकारी अभियन्ता स्व.राजेशहरि जोशीस्मृति फिडे रेटिङ्ग बुद्धिचाल प्रतियोगिताको उपाधि फिडेमास्टर रुपेश जैसवालले जितेका छन् ।

सजिलोसिभी डटकमका रुपेशले ९ खेलमा २ बराबरी र ७ जितका साथ ८ अंक प्राप्त गरेका थिए । उनले रनिङ्गशिल्ड, ट्रफि, मेडल र नगद ५० हजार हात पारे ।

## तमिम इकबालले भैरहवाबाट ईपीएल खेल्ने



**काठमाडौं, मस–** बंगलादेशका तमिम इकबालले काठमाडौंमा अर्को महिना आयोजना हुने बजाज पल्सर एभरेष्ट प्रिमियर लिगमा खेल्ने भएका छन् । इकबाललाई भैरहवा ग्लाडियटर्सले अनुबन्ध गरेको जनाएको छ । बायाँ हाते ३२ वर्षिय तमिम बंगलादेशका सफल ब्याट्सम्यान हुन् । उनले देशका लागि ६४ टेस्ट, २०८ एकदिवशीय र ७८ टी २० खेलेका छन् । विभिन्न फ्रेन्चाइज लिग गरि तमिमले अहिलेसम्म २२९ टी २० खेलेका छन् । भैरहवाले यसअघि श्रीलंकन टिमका पूर्व ओपनर उपुल थरंगा र तीब्रगतिका बलर धाम्मिका प्रसादलाई अनुबन्ध गरेको थियो । असोज ९ गतेदेखि २३ गतेसम्म आयोजना हुने इपीएलका लागि भैरहवा टिमको प्रशिक्षकमा नेपाली राष्ट्रिय क्रिकेट टिमको प्रशिक्षक भइसकेका पुबुदु दसानायके रहेका छन् । टिमको कप्तानी भने शरद भेषावकरले गर्ने छन् । भैरहवा लगातार दुई सिजन उप विजेता बनेको टिम हो ।

## बास्केटबल शुरु

**काठमाडौं, मस–** कीर्तिपुर बास्केटबल संघको आयोजनामा कीर्तिपुर नगरव्यापी अन्तर वडा पुरुष/महिला बास्केटबल प्रतियोगिता शनिबारदेखि कीर्तिपुरको नयाँबजारस्थित कभर्डहलमा सुरु भएको छ ।

प्रतियोगिताको कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले एक कार्यक्रमबीच उद्घाटन गरे । प्रतियोगिताको पुरुषमा १२ र महिलामा ५ टिमको सहभागिता रहेको आयोजक संघका अध्यक्ष विकु महर्जनले जनाएका छन् । खेल लिग कम नकआउट आधारमा हुने छ । नगद पुरस्कारको पनि व्यवस्था रहेको आयोजकले जनाएको छ ।


## साउदीमा रोजगारको अवसर

१. कम्पनी: SUGAR CLOUDS TRADING CORPORATION — शहर: UMLUJ

पुर्व स्वीकृत मिति: २०७८/०५/०९ — चलानी नं.: ६०१६१८९६ — L.T. No.: 244237 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee And Tea Maker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: RAWNAQ AL HANA FAST FOOD BUFFET — शहर: HAIL

पुर्व स्वीकृत मिति: २०७८/०५/२४ — चलानी नं.: ६०१६२७०० — L.T. No.: 245032

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Chef | 2 | 0 | स. काममा दक्ष | 2000 | ६२,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: FAWAL AL AQED FOR SERVING MEALS — शहर: TAIF

पुर्व स्वीकृत मिति: २०७८/०५/२४ — चलानी नं.: ६०१६२७०१ — L.T. No.: 244793

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Workers | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 7 | 0 | | 1200 | ३७,५३६ | | | | | | | |

४. कम्पनी: OSOS UNITED TRADING COMPANY IS A ONE PERSON COMPANY — शहर: BISHA

पुर्व स्वीकृत मिति: २०७८/०५/१७ — चलानी नं.: ६०१६२७०२ — L.T. No.: 244547

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1500 | ४६,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ३ गते (19 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००।– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Al Taaz International Pvt. Ltd.**

Gov. Lic. No. 1251/074/075

G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102, 9801147158, 9801147202, 9801147203

Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np



**SAUDI मा रोजगार** — **BAHRAA TRADING COMPANY**

LT No.:244447

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Labour | 6 | [illegible] | 1000 | ३१,३८१ | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | छ | [illegible] |

**अन्तरवार्ता २०७८ असोज ३ गते (19, Sept. 2021) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।**

**Gulf Star Overseas Pvt. Ltd.** "Your Career Partner"

Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003

Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com


**Dudhauli Municipality**
**Office of Municipal Executive**
Dudhauli, Sindhuli
Bagmati Province, Nepal

## Invitation for Sealed Quotation for the procurement of Supply and Delivery of Stationary Item

Sealed Quotation No: DMUN-03-078/79

Date of Publication : 12-09-2021

1. The Dudhauli Municipality invites sealed quotations from registered Suppliers for the Supply and Delivery of Stationary Item.
2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of **Dudhauli Municipality, Dudhauli, Sindhuli, Bagmati Province, Nepal, Contact: 047- 412045, dudhaulinp@gmail.com OR [May visit PPMO website www.bolpatra.gov.np]**
3. If hard copy is allowed then a complete set of Bidding Documents may be purchased from the office of Dudhauli Municipality, Dudhauli, Sindhuli, Bagmati Province, Nepal, by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon a payment of a non-refundable fee of NRs.1000.0 till 27-09-2021 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   i. **Name of the Bank : Nepal Bank Ltd.** **ii. Name of Office : Dudhauli Municipality**
   **iii. Office Account No :25203000001001000001**
5. Sealed bids must be submitted to the office of Dudhauli Municipality, Dudhauli, Sindhuli, Bagmati Province, Nepal by hand or through e-GP system i.e www.bolpatra.gov.np/egp on or before 27-09-2021 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 27-09-2021, 13:00 at the office of Dudhauli Municipality, Dudhauli, Sindhuli, Bagmati Province, Nepal.
   Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 27,000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e, [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. [25203000003000000001] at [Nepal Bank Ltd., Dudhali, Sindhuli] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason whatsoever.

**Chief Administrative Officer**


## साउदीमा रोजगार

१. कम्पनी : ITQN FOUNDATION FOR POLISHING — शहर : HOFUF

पुर्व स्वीकृत मिति: २०७८/५/१५ — चलानी नं.: ६०१६२२०४ — LT. No.: 244429 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Polishing Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : MAJED M. AL-QAHTANI TRANS EST. — शहर: KSA

पुर्व स्वीकृत मिति: २०७८/०४/०७ — चलानी नं.: ६०१६०४४१ — LT. No.: 242974 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५६,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : NATIONAL RESOURCES INDUSTRY COMPANY IS A ONE- PERSON COMPANY — शहर: RIYADH

पुर्व स्वीकृत मिति: २०७८/०४/०७ — चलानी नं.: ६०१६०४४० — LT. No.: 242779 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : AL SAFI CONTRACTING EST. — शहर : RIYADH

पुर्व स्वीकृत मिति: २०७८/०३/२० — चलानी नं.: ६०१५९७०७ — LT. No.: 241909 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Whole Vehicle Driver | 1 | 0 | स. काममा दक्ष | 2500 | ७८,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी : AMARA AL FALAH CONTRACTING CO. — शहर : HOFUF

पुर्व स्वीकृत मिति: २०७८/५/१५ — चलानी नं.: ६०१६२२०३ — LT. No.: 244430 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pan road machinery driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७८,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck driver | 4 | 0 | | 1800 | ५६,३०४ | | | | | | | |
| 3. | Concrete Pump Operator | 1 | 0 | | 2500 | ७८,२०० | | | | | | | |
| 4. | Buldozer driver | 1 | 0 | | 2500 | ७८,२०० | | | | | | | |

६. कम्पनी : AL-SAEED KITCHENS TRADING EST — शहर : Al Hasa

पुर्व स्वीकृत मिति: २०७८/०४/०८ — चलानी नं.: ६०१६०५४९ — LT. No.: 243019 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Aluminum Technician | 6 | 0 | | 2200 | ६८,८१६ | | | | | | | |

७. कम्पनी : AMANA TECHNOLOGY FACTORY FOR ELECTRICAL INDUSTRIES — शहर : RIYADH

पुर्व स्वीकृत मिति: २०७८/०३/१६ — चलानी नं.: ६०१५९४७५ — LT. No.: 241312 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५६,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Ordinary Worker | 25 | 0 | | 1000 | ३१,२८० | | | | | | | |
| 3. | Electrician Electricity Distribution Networks | 40 | 0 | | 1600 | ५०,०४८ | | | | | | | |

८. कम्पनी : TOROQ AL- SHARQ EQUIPMENT RENTAL EST — शहर : KSA

पुर्व स्वीकृत मिति: २०७८/०३/१६ — चलानी नं.: ६०१५९४८७ — LT. No.: 241871 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver of All Road Mechanisms | 3 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७८,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Whole Vehicle Driver | 3 | 0 | | 2500 | ७८,२०० | | | | | | | |
| 3. | All Road Drivers | 4 | 0 | | 2500 | ७८,२०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, सिनामंगल, काठमाडौंमा असोज ३ गते (19 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम ईजाजत पत्र नं. १७२/०५६/५७

**Work Force Services Pvt. Ltd.**

Sinamangal-9, Airport, Kathmandu, Nepal

Tel.: +977-1-4469912, 4469913, 4469914, Fax : +977-1-4469915

E-mail : info@workforce.com.np, Website: www.workforce.com.np

गो.द.का.द.नं. ३३/०६९/०७०





पर्यटकीय नगरीको सान फेवाताल !

शनिबार प्रातकालीनमा देखिएको पर्यटकीयनगरी पोखराको फेवाताल । कोरोना महामारीका कारण पर्यटकको आगमन हुन नसक्दा तालसँग जोडिएको व्यवसायीक क्षेत्र चलायमान हुन सकेको छैन् । तस्वीर : राधिका कँडेल/रासस

### रेवान पोखराको २७ औं वार्षिक साधारणसभा

## पर्यटन क्षेत्रलाई चलायमान बनाउन हातेमालेको चर्चा



**ताराकुमारी पौडेल/मध्यान्ह**
पोखरा, २६ भदौ ।

रेष्टुरेण्ट एण्ड बार एशोसिएसन अफ नेपाल (रेवान) पोखराको २७ औं वार्षिक साधारण सभा शुक्रबार पोखरामा सम्पन्न भएको छ । साधारण सभाको उद्घाटन समारोहमा बोल्दै पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले कोरोना प्रभावका कारण सुस्त अवस्थामा रहेको पर्यटन क्षेत्र अब चलायमान बनाउनुपर्ने बताए । 'कोरोना संक्रमण घटदो छ, अब पर्यटन क्षेत्रका सबै खाले गतिविधी सञ्चालन हुनुपर्दछ', भट्टराईले भनेका छन् ।

अहिले यहाँका होटल तथा रेष्टुरेण्टहरु विस्तारै खुल्दै गएको बताउँदै उनले असोजको पहिलो सातादेखि नै पर्यटन क्षेत्रका अन्य गतिविधीहरु पनि सञ्चालन गर्नुपर्ने बताए । यसका लागि पर्यटन क्षेत्रसँग सम्बन्धित सम्पूर्ण संघसंस्थाहरुबिच सहकार्य र हातेमालोको पनि आवश्यक गरेको भन्दै उनले परिषदअन्तर्गतका सबै संघसंस्थालाई स्वास्थ्य मापदण्डको पालना गर्दै व्यवसाय सञ्चालन गर्न आग्रह गरे ।

व्यवसायीहरुलाई बैक तथा वित्तिय संघसंस्थाले अनावश्यक झमेलामा नपार्न अनुरोध गर्दै यो समस्या समाधानका लागि पनि आवश्यक कदम चाल्नुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा नेपाल पर्यटन बोर्ड, गण्डकीका प्रमुख काशीराज भण्डारीले कोरोनाका कारण लामो समय शिथिल अवस्थामा पुगेको पर्यटन क्षेत्रको मुहार अब फिर्नेमा आशा व्यक्त गरे । पोखरा महानगरपालिका वडा नम्बर ६ का वडाध्यक्ष जगतबहादुर पहारीले वडाभित्र भएका विकासे गतिविधीबारे प्रकास पार्दै आगामी दिनहरुमा गर्नुपर्ने कामका बारेमा अवगत गराएका थिए ।

उद्घाटन सत्रमा संस्थाका महासचिव विकाश भट्टराईले संस्थाका प्रगति विवरण प्रस्तुत गरे । उनले रेवान पोखराले २२ औं पोखरा सडक महोत्सव, कर शिक्षा कार्यक्रम, कोभिड-१९ को असरमा परेकाहरुलाई गरिएको राहत वितरण, खोप कार्यक्रम, नयाँ वर्षको शुभकामना कार्यक्रम, विभिन्न क्षेत्रलाई प्रदान गरिएको आर्थिक सहयोग, मिनि सडक महोत्सव, तालिम, पोखराको प्रवर्द्धनात्मक कार्यक्रम लगायत आफ्नो प्रतिवेदनमा प्रस्तुत गरेका थिए ।

सो अवसरमा संस्थाका गतिविधीहरुमा सहयोग गर्ने विभिन्न सहयोगी संघसंस्था तथा संस्थामा आवद्ध भएका नयाँ व्यवसायीहरुलाई स्वागत एवं सम्मान गरिएको थियो । रेवान पोखराका अध्यक्ष लक्ष्मण बरालको अध्यक्षतामा भएको समारोहमा संस्थाका प्रथम उपाध्यक्ष नरेश भट्टराईले स्वागत गरेका थिए ।

### दुई पाँग्रे किन्नेलाई धक्का

## प्रतिस्थापन विधेयकमार्फत २० प्रतिशतसम्म कर वृद्धि

**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, २६ भदौ ।

सरकारले अन्तःशुल्क बढाउने घोषणा गरेसँगै अब दुई पाँग्रे सवारी साधनहरुको मूल्य पनि बढ्ने भएको छ । अर्थमन्त्री जनार्दन शर्माले प्रतिनिधि सभामा पेश गरेको प्रतिस्थापन विधेयकमा मोटरसाइकलको भन्सार कर बढाउने व्यवस्था गरेका हुन् । अर्थमन्त्री शर्माले दुई पाँग्रेमा लाग्ने अन्तःशुल्क २० प्रतिशतसम्म बढाएका छन् ।

आयात हुने १२५ सीसीदेखि २०० सीसीसम्मको माटेरसाइकलमा १० प्रतिशत अन्तःशूल्क बृद्धि गरिएको छ । यसअघि यी मोटरसाइकलमा ४० प्रतिशत कर थियो । १० प्रतिशत बढेपछि अब ५० प्रतिशत पुगेको छ ।

यस्तै, २०० देखि २५० सीसीसम्मका मोटरसाइलकमा पनि १० प्रतिशत अन्तःशूल्क बढेको छ । यसअघि यी मोटरसाइकलको अन्तःशुल्क ५० प्रतिशत थियो । जुन, अब ६० प्रतिशत पुगेको छ । यसैगरी, २५० सीसीदेखि ५०० सीसीसम्मका मोटरसाइकलमा २० प्रतिशत अन्तःशूल्क बढेको छ ।

यसअघि ६० प्रतिशत लाग्दै आएको अन्तःशुल्क अब ८० प्रतिशत पुगेको छ । यस्तै, ५०० देखि १००० क्षमताका मोटरसाइकलमा सत प्रतिशत अन्तःशूल्क लाग्ने भएको छ । हाल मोटरसाइकल बिक्रेता कम्पनीहरुले अहिले दशैं-तिहार लक्षित विभिन्न अफरमा विभिन्न किसिमका छुटका अफरहरु ल्याएका छन् । सरकारले कर बढाउने घोषणा गरेसँगै अब उनीहरुले मूल्य बढाएर अफरहरु सार्वजनिक गर्नेछन् ।

दशैं/तिहारमा केहि सस्तोमा गाडी वा मोटरसाईक खरिद गर्ने चाहना बोकेका ग्राहकलाई प्रतिस्थापन विधेयकमा ल्याइएको नयाँ व्यवस्थाले थप मर्कामा पारेको छ । यसअघि पनि सरकारले प्रत्येक जसो बजेटमा अन्तशुल्क बढाउने व्यवस्था गरिरहेको थियो ।





### राष्ट्रिय बीमा संस्थानको ३१ औं साधारणसभा

## दुई अर्ब चुक्ता पूँजी पुर्‍याउने लक्ष्य



**काठमाडौं/मस-** राष्ट्रिय बीमा संस्थानले चालु आर्थिक वर्षको अन्त्य सम्ममा दुई अर्ब रुपैयाँ चुक्ता पूँजी पुर्‍याउने भएको छ । शनिबार सम्पन्न ३१ औं साधारण सभामा बोल्दै सञ्चालक समितिका अध्यक्ष गंगाराम कँडेलले बीमा समितिको पछिल्लो निर्देशन अनुरुप दुई अर्ब रुपैयाँ चुक्ता पूँजी पुर्‍याउनुपर्ने भएकोले सोही अनुसार पूँजी पुर्‍याउन अर्थ मन्त्रालयमा स्वीकृतिका लागि पठाएको जानकारी दिएका हुन् ।

विगत केही वर्षदेखि महामारीको रुपमा फैलिएको कोभिड-१९ को प्रभावलाई नियन्त्रण गर्न सरकारले गरेको बन्दाबन्दी तथा निषेधाज्ञाले संस्थानको व्यवसाय विस्तार लगायत अन्य गतिविधिहरुमा नराम्रो प्रभाव परेको पनि उनले बताए ।

कोरोना प्रभावका बाबजुद संस्थानले आर्थिक वर्ष २०७७/७८ मा ७ अर्ब ५७ करोड १३ लाख रुपैयाँ खुद प्रिमियम संकलन गरेको अध्यक्ष कँडेले बताए । सो अवधिमा ३ अर्ब १९ करोड ८७ लाख दाबी भुक्तानी गरेको र जीवन बीमा कोषमा ३२ अर्ब ९३ करोड ६१ लाख रुपैयाँ जम्मा भएको उनले बताए ।

### तीन आर्थिक वर्षको साधारणसभा एकै पटक

संस्थानको लामो समयदेखि बाँकी रहेको आर्थिक वर्ष २०६६/६७, २०६७/६८ र २०६८/६९ को लेखा परीक्षण तथा साधारणसभा शनिबार गरिएको हो ।

संस्थानले आर्थिक वर्ष २०६६/६७ मा ३ अर्ब ४ करोड ४ लाख १६ हजार ८ सय २३ रुपैयाँ आम्दानी गरेको छ । यस्तै आर्थिक वर्ष २०६७/६८ मा ३ अर्ब ७८ करोड ७० लाख ७४ हजार ३ सय १७ रुपैयाँ र आर्थिक वर्ष २०६८/६९ मा ३ अर्ब ९० करोड ५७ लाख ८४ हजार २ सय २७ रुपैयाँ आम्दानी गरेको छ ।

संस्थानका प्रशासक कविप्रसाद पाठकले बीमा क्षेत्रका चुनौतिहरुको सामना गर्दै व्यवसाय विस्तारमा जोड दिएको बताए । उनले विगतमा 'डस' प्रविधिमा आधारित काम गरेकोमा अहिले डिजिटल प्रविधिबाट गर्न सक्ने अवस्थामा संस्थान पुगेको जानकारी दिए ।

बीमा समितिले आर्थिक वर्ष २०६६/६७, २०६७/६८ र २०६८/६९ को लेखापरिक्षण प्रतिवेदन स्वीकृत गरेसँगै संस्थानले साधारणसभा सम्पन्न गरेको हो । संस्थान, बीमा समिति, महालेखापरीक्षकको कार्यालय र अर्थ मन्त्रालयको समन्वयमा उक्त तीन आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गर्ने सहमति भएको थियो । कतिपय पुराना हिसाव नभेटिएको तथा हिसाव किताबको रेकर्ड नै नष्ट गरेका कारण पनि लेखापरीक्षण हुन सकेको थिएन ।

महालेखापरीक्षकको कार्यालय तथा अर्थमन्त्रालयले पटक पटक हिसाब मिलाउन तथा लेखापरीक्षण गर्न निर्देशन दिए पनि काम पुरा हुन सकेको थिएन । यसले गर्दा तीन वटै निकायको रोहवरमा उक्त लेखापरिक्षण सम्पन्नका लागि बाटो खुलाइएको हो ।

आर्थिक वर्ष २०६६/६७, २०६७/६८ र २०६८/६९ को साधारणसभा सम्पन्न भएसँगै अर्को तीन आर्थिक वर्ष २०६९/७०, २०७०/७१, २०७१/७२ को पनि लेखापरीक्षकबाट प्रतिवेदन प्राप्त भई गत असार ३१ गते स्वीकृतिको लागि बीमा समितिमा पठाइ सकिएको संस्थानले जनाएको छ ।

महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्राप्त भई आ.व. २०७२/७३, २०७३/७४ र २०७४/७५ को लेखापरीक्षण समयमा सम्पन्न गर्नका लागि साधारणसभाले दुई जना लेखापरीक्षक नियुक्त गरेको छ ।

## ग्रोडेलीबाट सामान किन्दा सिटिजन्स बैंकका ग्राहकलाई छुट



काठमाडौं/मस- ग्रोडेली अनलाइनबाट सामान खरिद गर्ने सिटिजन्स बैंकका मोबाइल बैंकिङ प्रयोगकर्ताले छुट पाउने भएका छन् । यसका लागि सम्झौता समेत भइसकेको छ । ग्रोडेली अनलाइनबाट सामान खरिद गर्दा विशेष छुट पाउनेसम्बन्धी सम्झौता भएको हो । सिटिजन्स बैंकका मोबाइल बैंकिङ प्रयोगकर्ताले ग्रोडेलीमार्फत् अनलाइन अर्डर गरी क्यूआर कोडमार्फत् भुक्तानी गर्दा छुट पाउनेछन् । ग्रोडेली नेपालमा उत्पादित किराना सामाग्रीहरुको प्रवर्द्धन गर्ने उद्देश्यले स्थापित कम्पनी हो ।

## पञ्चेश्वरका युवालाई आत्मनिर्भर बनाउन नबिलले सहयोग गर्ने



काठमाडौं/मस- नबिल बैंकले युवा उद्यमशिलता र स्वरोजगार प्रवर्द्धन गरी युवालाई आत्मनिर्भर बनाउँदै समृद्धितर्फ अग्रसर गराउने उद्देश्यले राष्ट्रिय युवा परिषद् पञ्चेश्वर गाउँपालिका बैतडीसँग त्रिपक्षीय सम्झौता गरेको छ ।

यस समझदारी अन्तर्गत सुदुरपश्चिम प्रदेश, बैतडी जिल्लाको पञ्चेश्वोर गाउँपालिकामा स्थानीय युवाहरुलाई उद्यमशिलता विकास र वित्तीय साक्षरताको आधारभूत तालिम प्रदान गरी उद्यमका लागि सक्षम बनाउन र उद्यम परियोजनाका आधारमा वित्तीय पहुँच पुर्‍याई देशभित्रै युवा उद्यम प्रवर्द्धन तथा रोजगारी सृजनाद्वारा दिगो आर्थिक विकासमा योगदान गर्ने लक्ष्य लिएको छ ।

नबिल बैंकको तर्फबाट नबिल दिगो बैंकिङका प्रबन्धक लिलाप्रसाद ओझा, राष्ट्रिय युवा परिषद्को कार्यालय भक्तपुरमा राष्ट्रिय युवा परिषद्को तर्फबाट परिषद्का प्रशासकीय प्रमख डा. बाबुराम ढुंगाना र पञ्चेश्वर गाउँपालिकाका तर्फबाट गाउँपालिका अध्यक्ष गोरखबहादुर चन्दले समझदारी पत्रमा हस्ताक्षर गरेका छन् ।

दिगो विकासको लक्ष्यलाई सघाउन नबिलले विपन्न वर्गलाई लक्षित गरी दिगो बैंकिङ कार्यक्रम सार्वजनिक गरेको हो । बैंकले ग्रामीण क्षेत्रमा वित्तीय पहुँच न्यून भएका वर्गलाई कृषि क्षेत्रको व्यवसायिकरण र उद्यमशिलता विकासको लागि ल्याएको यो कार्यक्रम शुरुमा १७ वटा दुर्गम शाखाहरुबाट सञ्चालन गरी बैंकले नबिल किसान कर्जा र नबिल उद्यमशिल कर्जा प्रवाह गर्दै आएको छ ।

के तपाईंको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रिएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुविधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरिद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको वार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७८५

मध्यान्ह
राष्ट्रिय दैनिक
- ग्राहक बन्न परेमा
- पत्रिका नआएमा
- ठेगाना परिर्वतन भएमा
- पत्रिका वितरण सम्बन्धि कुनै पनि गुनासा भएमा ।
सम्पर्क
बागबजार, काठमाडौं
फोन नं.: 01-4228298 | मो. नं.: 9851149919

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**